# नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ?

लेखक
तुलसीलाल अमात्य

मूल्य ४/-

with best of compliments to Gopal Sakya

निर्दलीय पञ्चायती सरकारको बजेट देशमा नव उपनिवेश-वादी अर्थतन्त्र स्थापना गर्ने र भ्रष्टाचारहरू द्वारा लूट खसोट मचार उनीहरू धनि हुने बजेट थियो भने यस अन्तरीम सरकार द्वारा पेश गरिएको २०४७।४८ को बजेटले नेपालमा के कसरी कति हद सम्म स्वतन्त्र अर्थतन्त्रको विकास गर्ने हो हामीले छानवीन गरेर हामीले नेपालको निम्ति एक नयाँ अर्थनीति पत्ता लगाउनु परेको छ । यसै कुरोलाई ध्यानमा राखी हामीले यस २०४७।४८ को बजेटलाई हेर्नु परेकोछ ।

२०४७।४८ को बजेटलाई सर्सति हेर्दा यसले केहि हद सम्म गरिब किसानहरूलाई राहत दिने कुरा गरेकोछ । फेरि पनि यसले सामन्ती शोषण खतम गर्ने र देशलाई साम्राज्यवादी नव-उपनिवेस-वादी तथा विदेशी एकाधिकार पूँजीको चङ्गुलबाट मुक्त गरेर देशको स्वतन्त्र आर्थिक विकास गर्ने कुनै लक्षण देखाएन ।

यस बजेटमा ''उत्पादन बढाउने'' कुरा उल्लेख छ । तर यो ''उत्पादन'' कस्तो किसिमको हो ? कार, साईकल, मेशीनरी, बिजुलीको सामानहरू, रेडियो, टि. भी., इत्यादि कुरोहरूको साथै कपडा, रेशम, शीसाको कप–प्लेट इत्यादिको उत्पादन बढाउने हो की दोको, नाङ्लो, राढी पाखि, कार्पेट र हस्तकलाको एक आध सामानहरू र गाउँ घरमा बन्न सक्ने सुकूल इत्यादिको उत्पादन बढाउने ?

स्पष्ट छ देश विकास गर्ने हो भने आधुनिक उद्योगहरूको अभिवृद्धि अत्यन्त जरूरी छ । जुन देशमा मोटर कार बन्न सक्तैन त्यो देश बिकास भयो भन्न सकिन्न । हामीलाई अनेकौं सामानहरू

चाहिएको छ, साईकल, मोटर–साईकल, मोटर कार, बस–ट्रक, बुल–दोजर इत्यादि इत्यादि भारि इन्जिनहरू, अनि रेडियो, टेलि–भिजन, घडी, क्यालकुलेटर, कम्पुतर जस्ता हल्का तर जटिल वस्तुहरू र अनि कपडा, लत्ता, अनेक फेशनका सामानहरू, ग्लास, कप-प्लेट साराका सारा बस्तुहरू नेपाललाई चाहिन्छ ।

यसको निम्ति हामीले चौतर्फि औद्योगिक विकास गर्नु छ, कल–कारखानाहरू बनाउने मातृ उद्योगहरू इन्जिनियरीङ्ग उद्योग-हरू, आघाट उद्योगहरू, रासायनिक उद्योगहरू, र अरू अनेकौं उद्योगहरू स्थापना गर्न जरूरी छ । हो, अवश्य यी सबै उद्योगहरू एकै दिनमा वा एकै सालमा स्थापना गर्न सकिन्न, तर ठोस पञ्च वर्षीय योजनाहरू बनाएर यी सब उद्योगहरू नेपालमा स्थापना हुन सक्तैन भन्ने छैन ।

तर आज सम्मको पञ्च वर्षीय योजनाहरू औद्योगिक विकास गर्ने योजना नभई साम्राज्यवादी विदेशी एकाधिकार पूँजी तथा नव-उपनिवेशवादीहरूको निम्ति बनाई फराकिलो पार्ने योजनाहरू बनेका छन् । यहाँ किसानहरूमा मल बितरण गर्ने योजना बन्छ, तर आफ्नै देशमा आफुलाई चाहिने मल बनाउने कारखाना स्थापना हुँदैन । विदेशी रसायनिक मल किसानहरूमा वितरण गर्नको निम्ति ३० करोड रूपियाँ यस बजेटले पन्छाएको छ भने रसायनिक मल आफ्नै देशमा बनाउनको निम्ति कुनै योजना यस बजेटले देखाउन सकेन ।

यस्तै विकासको नाउमा बिजुलीको प्रसार हुन्छ, तर बिजुलीको प्रसारको निम्ति चाहिने बल्ब, स्वीच, जेनरेटर, ट्रासफर्मर, तार इत्यादि कुनै कुरो नेपालमा बन्दैन । यहाँ सडक बन्छ, तर सडकमा चल्ने साईकल, मोटर साईलक, कार, ट्रक, बस इत्यादि याता–यातको कुनै साधन यहाँ बन्दैन ।



यस दिशामा यो सरकारको कुनै ध्यान गएको देखिदैन ।

साम्राज्यवादीहरू हामीलाई यी कुराहरू किन्न अनुदान र ऋण दिन्छ, तर यी कुरोहरू बनाउनको निम्ति कारखाना खोल्नु पर्‍यो भने २ पैसा पनि दिन तयार छैनन् । किन ? किन भने यी कुरोहरू हाम्रै देशमा बनेमा उनिहरूले आफ्नो सामानहरू बेच्ने बजार कहाँ पाउने । यी सामानहरू बेच्न ऋण वा उधार दिएको खण्डमा एकातिर सामान बिक्यो, यस बिक्रीमा नाफा पाइयो र र अनि सामान उधारो दिएकोमा ऋणमा ब्याज, ब्याजको ब्याज गरी चक्रवृद्धि ब्याज खान पाउने भयो । हाम्रो देशको विकासको नाउँमा शोषणको राम्रो माध्यम साम्राज्यवादीहरूले बनाएका छन् ।

यस रीतिले हाम्रो देशको व्यापार घाटा बढ्दै जानु, अनि देशमा बेकारी, महंगी बढ्दै जानु र स्वयम देश कहिल्यै उठ्न नसक्ने गरी दरिद्र हालतमा पुग्नु स्वाभाविक हो ।

वैदेशिक व्यापारको घाटा साल सालै बढि आर्थिक वर्ष २०४६।४७ सालमा ९ अरब ५३ करोड ३७ लाख पुगेकोछ, केहि वर्ष अघि सम्म यो घाटा केहि हद सम्म अर्काको सेवा गरि आएको आम्दानीले धानिन्थ्यो भने अब आएर यस्तो सेवा तर्फको आम्दानीले यस्तो व्यापार घाटा धान्न छोडी सकेकोछ, मतलब भयो अब विदेशीले ब्याजै ब्याजमा हामीसंग सेवा गराएर लिन सक्ने भयो । गाउँघरमा किसानहरू सामन्ती ऋणमा फंसे पछि जसरी सामन्त–हरूले किसानहरूलाई बनाई काम लिने हो, उस्तै हामीलाई ऋणमा फंसाएर विदेशी पूँजीले संगै मुफ्तमा सेवा गराई लिने बाटो बनाएको छ । हाम्रो औद्योगिक विकासको अभावमा हामीले विदेशी सामान मगाउन चाहिने रकमको निम्ति चावल, काठ, घ्यू, सुंठो, जूट (सन) बाट बनेको सामान, दुग्ध पदार्थ इत्यादि पठाउने गर्छौं ।

यसमा एकातिर वन-विनास रोक्नु पर्छ भन्ने सरकारी नारा दिइन्छ अर्कातिर काठ निकासीमा जोड दिइन्छ । सवाल छ जनताको दैनिक उपयोगको निम्ति यताउति सुकेको दाउरा लिदा मात्र वन विनास हुने हो वा ठेकदारहरूले अन्दा धुन्ध जङ्गलको रूख काटेर काठ निकासि गर्दा वन विनास हुने हो सकारकार संग स्पष्ट नीति छैन ।

अर्को कुरा जग्गा अधिकरण गरी गाउँहरू समेत उखाडी गरीब जनता उठाएर पठाइन्छ, तर उनिहरूलाई बसोबासको कुनै प्रवन्ध गरिंदैन । सामन्ती तथा नव-उपनिवेशवादी शोषणले गर्दा वर्वाद भएको जनता आफ्नो घरद्वार सामन्तहरूको हातमा परी वर्वाद भएर गाउँघर छोडी यत्र तत्र लाग्नु पर्छ । यस्तो जनता प्रति सरकारको कुनै वास्ता नहुँदा उनिहरू जङ्गल फांडेर बस्ने गर्छन् । वन-सुरक्षाको नाउँमा उनिहरूलाई नयाँ बसेको ठाउँबाट उठाएर पठाइन्छ, आखिर उनिहरू जाने कहाँ ? यातो सरकारले उनिहरूले जहाँ बस्यो उहीं बस्न दिनु पर्छ, होइन भने सरकारले उनिहरूलाई बसोबासको इन्तजाम गराएर उनिहरूको जीविकाको निम्ति कुनै कामको प्रवन्ध गरि दिनु पर्छ । वन-सुदृढी करणको नाउँमा यस्ता सुकुमवासीहरूलाई बसेको ठाउँबाट उठाएर पठाउने, अर्कातिर ठेकदार मार्फत् अन्दा धुन्ध काठ निकासी गराउने काम हुन्छ भने यो नीति जन विरोधी भ्रष्ट पूँजीवादी नीति भन्दा अरू केहि होइन । वन-सुदृढी करणको नाउँमा जनतालाई भने उठाएर पठाउने अनि उही जङ्गल काटेर काठ निकासी गरी ठेकदार पोस्ने र यसै बाट व्यापारिक घाटा पूरा गर्ने / निश्चित रुपले यो नीति जन विरोधी पूंजीवादी नीति हो, जसले विश्वको वातावरण (Ecology) लाई समेत दूषित गर्ने छ ।

विश्व वातावरण (Ecology) को रक्षा गर्ने हो भने जनताको दैनिक उपयोग गर्ने काठ-दाउरामा रोक लगाउने होइन,



कहिं बस्न नपाएर जङ्गलको छेउ-छाउमा बस्ने सुकुमबासीहरूलाई उठाएर पठाई उनिहरूको जीवन अलपत्र पार्ने होइन, बरू ठेकदारी प्रथामा रोक लगाएर काठ निकासी बन्द गर्नु पर्छ अथवा सुव्य-वस्थित ढङ्गले यसलाई संचालन गर्नु पर्छ । काठ निकासीलाई व्यापारिक घाटा पूरा गर्ने एउटा आधार बनाउनु भएन ।

चावल, घ्यू, सुंठो, फलफुल, आलु, दुधबाट बनेका पदार्थहरू, माछा, मासु दिने पशु इत्यादि निर्यात गरी जनतालाई अनि आव-श्यक बस्तुहरूको कृतिम अभाव पैदा गरी देशमा महंगी बढाएर जन-जीवन संकटमा पार्ने काम भएर आएको छ । यी कुरोहरूको निकासी नव-उपनिवेशवादी अर्थनीतिको फल स्वरूप हाम्रो देश र जनता माथिको शोषणको एक ज्वलन्त उदाहरण हो । यी कुरो-हरूको निकासी स्वस्थ अर्थनीतिको लक्षण अवश्य होइन ।

बजेटमा व्यापारिक घाटा पूरागर्ने अर्को निकासी हो जडि-बुटिको निकासी । एकातिर हाम्रो स्वदेशी जनता वैद्य र कबिराज-हरू, जो आफ्नो देशमा औषधि बनाएर विदेशी औषधी आयात गर्ने आयश्यकतालाई घटाउनमा मदत गर्छन्, तर उनिहरूसाई वन सुदृढी करणको नाउँमा जडी-बुटी जङ्गलबाट हुन नदिने, अर्कातिर यही जडी-बुटी ठेकदारहरू मार्फत विदेश निकासी गर्ने के यो सही अर्थ नीति हो ?

सस्तो मोलमा जडी-बुटी निकासी गरी उही जडी-बुटीबाट बनेको औषधी फेरि महंगो भाउमा मगाउने यो कस्तो अर्थनीति हो ? यो विदेशी पोस्ने नव-उपनिवेशवादी अर्थनीति हो ।

त्यस जडी-बुटीबाट स्वदेशी वैद्य कबिराजहरूबाट औषधी बनाउनको निम्ति उपलब्ध गराएको खण्डमा एकातिर कयन मानिसहरूको जीबिकोपार्जनको साधन बन्ने थियो भने यस्तो औषधीले जनताको स्वास्थ्य रक्षा गर्नको साथै, आफ्नो जनतालाई

चाहिने भन्दा बढि औषधी निर्यात गरी यसबाट विदेशी मुद्रा कमाउनको साथै यसले हाम्रो व्यापारिक घाटा कम गराउनमा धेरै मदत गर्नें छ र नेपालको लाखौं जनता पाल्ने उद्योगको रूपमा औषधी उद्योग देखापर्ने छ । तसर्थ निर्यात जडी-बुटीको होइन, औषधी तयार गरेर निर्यात गर्ने, गराउने नीति लिनु परेकोछ। नेपालको वैद्य कबिराजहरू र अझ घाउ, खटिरा, र हड्डिको काम गर्ने नापितहरू आदि काल देखिको नामी र असरदार स्वदेशी डाक्टरहरू छन् । उनिहरूको कार्यमा सरकारले प्रोत्साहन गरी उनिहरूलाई चाहिने जडी-बुटी इत्यादि कुरोहरूमा सहयोग गर्नें पर्छ ।

वैद्य, कविराज र नापितहरूको निम्ति मात्र होइन, औलो प्याठी डाक्टरहरूलाई चाहिने असरदार औषधीहरूको उत्पादनमा पनि हाम्रो देशको जडीबुटीले काम गर्ने छन् । यस दिशामा सरकारको ध्यान जानु परेकोछ नकि जडीबुटी निकासीमा । पञ्चे सरकारको विदेशी पोस्ने नीति प्रजातन्त्रवादी सरकारले पालि राख्न भएन, आफ्नो देशको औद्योगिक विकासमा यस सरकारले बढि भन्दा बढि ध्यान दिनु आवश्यक पर्न गएकोछ र औद्योगिक विकासले नै व्यापारिक घाटा घटाउने कुरोमा विशेष मदत गर्ने छ ।

जहाँ सम्म नेपालको जडीबुटीले औषधी बनाउने हो, सोभियत संघले यसको एउटा प्रस्ताव पञ्चे सरकारको अगाडि राखेको हो, तर पञ्चे सरकारलाई यो मन्जुर भएन । अब प्रजातांत्रिक सरकारले यसमा विशेष ध्यान दिनु परेकोछ ।

लकडी निकासीको सवालमा पनि यदि हामी संग जनताको दैनिक उपभोगको निम्ति काट-दाउरा पूरा गरी वातावरणको सन्तुलन नबिगारी निकासी गर्ने काठ बच्छ भने, सीधा काठ निकासी



गन सट्टा काठलाई Temper गर्ने र यस बाट अनेक काष्ठ कला र फर्निचरहरुको उद्योग खोलेर जनताको आवश्यकता पनि पूरा गर्ने र अरु तयारी माल निर्यात गर्ने गरेको खण्ड यसबाट पनि दशौं लाख मान्छेले काम पाउने थियो, र नेपालले विदेशी मुद्रा कमाउने एक सशक्त माध्यम भएर व्यापारिक घाटालाई संतुलनमा ल्याउने एउटा राम्रो माध्यम बन्ने थियो ।

यस बाहेक यसले अन्त शुल्क, आयकर र भन्सार रकम समेत बढाएर राजस्व बढाउनमा मदत गर्ने छ ।

जूटको सवालमा हामीले अहिले सम्म कच्चा जूट (सन-पात) र यसबाट बोरा बनाएर निकासी गर्ने गरेका छौं र बोरा निकासी नभए पछि सकट भयो भन्ने गर्छौं । आजलक जूटबाट अनेकौं राम्रा राम्रा सामानहरु बन्ने गर्छ । यस कारण जूटलाई सीधै कच्चामालको रुपमा निकासी गर्ने सट्टा यसबाट जूट-कार्पेट र अन्य अरु उद्योगहरु खोली यसबाट पनि लाखौं मान्छेलाई काम दिन सकिन्छ । यस तरिकाले पनि एकातिर मान्छेहरूको वेकारी समस्या हल गर्नको साथै विदेशी मुद्रा कमाउने, व्यापार घाटा संतुलन ल्याउनमा मदत गर्ने र अनि अन्तः शुल्क, आयकर र भन्सार रकममा वृद्धि गरेर राजस्व बढाउन धेरै मदत गर्ने छ ।

यसरी हामीले अहिले सम्म लिई आएको कच्चामाल निर्यात गर्ने नीति छोडेर कारखानाहरु खोली तयार माल निर्यात गर्ने नीति लिनु परेको छ । बजेटले यस दिशामा ध्यान दिएको देखिएन ।

औद्योगिक विकास बिना नेपालले न व्यापार घाटालाई खतम गर्न सक्नेछ नत बढ्दो विदेशी ऋणबाट नै मुक्त हुन सक्नेछ ।

साम्राज्यवादीहरु हामीलाई अनुत्पादक मदतमा खर्च गर्न अरबौं ऋण दिन तयार छन्, तर उत्पादन बढ्ने कुनै कारखानाहरु खोल्न यस्तै ऋण दिन तयार देखिन्न । उनिहरु अवसर निजी

क्षत्रमा जोड दिन्छन्, ताकि निजी क्षेत्रको नाउँमा आफ्नो पूंजी प्रवेश गराएर हाम्रो देशको कच्चा माल, श्रम शक्ति सस्तो मोलमा प्राप्त गरी शोषण गरी बजारमा समेत कब्जा गर्न सकोस् । हामी निजी क्षेत्रको विरोध गर्दैन, तर निजी क्षेत्रको नाउँमा विदेशी पूंजी भित्राउने कुरोको बिल्कुल विरोधी छौं ।

निश्चय पनि देशमा उद्योग नखोल्नु भन्दा, त्यसै निस्कृय परिरहेको धन, २ नम्बरी, काला बजारी, तस्करी इत्यादि काममा दुरूपयोग भई राखेको धन त्यो पूंजी देशको औद्योगिक विकासमा लगावस् भन्ने चाहन्छौं । आज अरबौं रुपियाँ महिलाहरुको गहनामा लुकेको छ, यो धनलाई औद्योगिक विकासमा किन नलगाउने ? महिलाहरुले गहना लाएर पुतली बन्नु भन्दा उद्योगको मालिक किन नबन्ने ? अनि एक एक बिहा शादी व्रतबन्ध इत्यादिमा खर्च गरिने लाखौं लाख रुपियाँ यस्ता लङ्गडा सोखमा लगाउनु सट्टा किन औद्योगिक विकासमा नलगाउने । भोज भटेरमा खर्च गरी खोक्रो इज्जत कमाउनु भन्दा उद्योग पति भएर मानिसहरुलाई काम दिएर किन अझ बढि इज्जत नकमाउने ?

आज नेपालले आफ्नो सारा ध्यान औद्योगिक विकासमा लगाउनु परेको छ ।

हामीले औद्योगिक विकासको कुरा गर्दा साना र घरेलु उद्योगको मात्र कुरा गरेर हुँदैन, हामीलाई यस्ता उद्योगको निम्ति चाहिने मेशीनहरु बनाउने इन्जिनियरिङ्ग अथवा मातृ उद्योगहरुको पनि जरुरत छ, अनि भारि, मझौला र हल्का उद्योगहरुको पनि जरुरत छ । यस्ता उद्योगहरु निजी क्षेत्रमा मात्र सम्भव छैन र यस्तो उद्योगहरु राष्ट्रिय अथवा सार्वजनिक सम्पत्तिको रुपमा पनि विकास गर्नु परेको छ । निजी क्षेत्रको नाउँमा यस्ता उद्योगहरु विदेशी एकाधिकार पूंजीपतिहरुको हातमा सुम्पने सवालै छैन र



हामीले जहाँ निजी क्षेत्रमा यथा सम्भव छुट दिनेछौं, हाम्रो अर्थ व्यवस्थाको मूल आधार राष्ट्रीय उद्योगहरुलाई नै बनाउनु आवश्यक छ र यस्तो उद्योगहरूको निम्ति राष्ट्रीय पूंजीको संकलन गर्नु जरुरत हुन आउँछ !

हाल सालै प्रधानमन्त्री कृष्ण प्रसाद ज्यूले भारत र अन्य मुलुकहरुसंग मिलेर संयुक्त लगानीको आधारमा कल कारखाना खोल्ने प्रस्ताव अगाडि बढाउनु भएको छ । संयुक्त लगानी जुद्ध समशेरको पालामा नै शुरु भएको हो । मोरङ्ग कटन मिल्स संयुक्त लगानीमा शुरु भयो । ५१ प्रतिशत नेपाली पूंजी ४९ प्रतिशत भारतीय पूंजी । आज सो मोरङ्ग कटन मिल्स खतम भएर गणपति कटन मिल्सको रुपमा देखा परेको छ र यसमा अब नेपाली पूंजी बेपत्ता छ र अहिले ४९ प्रतिशत पूंजी राख्नेको निजी कारखानामा बदल्न गएको छ । हालको अवधिमा संयुक्त लगानि म्याग्नासाइट खानि खोल्नमा लगाइएको छ, जसमा भारतको पूंजीपति झुन् झुनवालाले ४ करोड रूपियाँको हिसाबमा मेशीन लराएको छ र सुनिन्छ त्यो मेशीन राम्रो स्थितिको होइन । अनि अरू एक पैसा नगद झुनझुनवालाले लगाएको छैन तर ४० सौं करोड रकम सो खानिको नाउँमा बैंक संग कर्जा लिइसकेको छ, फेरि पनि सो खानिको काम राम्रो चलिरहेको छैन । यस्तो संयुक्त लगानिले नेपाललाई के फाइदा भयो ? संयुक्त लगानिको फल दक्षिण कोरियाको जनताको आर्थिक स्थितिले पनि स्पष्ट गर्दछ । त्यहाँको कारखानाहरू देखावटी रूपमा दक्षिण कोरियाई जनताको छ, तर कारखानाहरूको खास मालिकहरू यातो अमेरिकी पूंजीपतिहरू हुन् अथवा जापानी पूंजी पतिहरू । आमजनता र मजदूरहरूको पारिवारिक जीवन भने नष्ट भएकोछ र अत्यन्त कष्ट दायक हालतमा छन् ।

संयुक्त लगानि अन्तरगत १०-१५ वर्षमा हाम्रो सम्पूर्ण अर्थ व्यवस्थाको मालिक विदेशी एकाधिकार पूंजी भइ जानेछ र हाम्रो देश आर्थिक र राजनीतिक दुबै रूपले एक नव-उपनिवेशवादमा परिणत भई जाने छ र जनताको जीवन सदा सदा शोषित र पीडित भएर दरिद्र हालतमा नै रहने छन् ।

नेपालको उद्योगपतिहरूको एउटा समस्या हो निर्यातको । निर्यात गर्न चाहेर र सकेर पनि विदेशी कम्पनीहरूसंग सम्पर्कको अभावमा निकासी गर्न नसक्दा मजबूरिले विदेशी पूंजीपतिसंग संयुक्त लगानि गर्न हाम्रो देशका उद्योग पतिहरू वाध्य छन् । तर ती विदेशी लगानि कर्तालाई नेपाली उद्योगपतिले आफ्नो मुट्ठीमा राख्ने बाटो नहुँदा उनिहरूले बराबर नेपाली उद्योग पतिहरू र बैंकलाई समेत धोखा दिएर मोटो रकम गुटमुत्याएर नेपालबाट भाग्ने गर्छन् र उनिहरूसंग संयुक्त लगानी गर्ने नेपाली नागरिकहरू टाट पल्टछन् र बैंक भए बैंकले पनि नोक्सान सहनु पर्ने हुन्छ ।

यस कारण यो सरकारले संयुक्त लगानिमा जोड दिने सट्टा नेपाली उद्योगपतिहरूको निम्ति विदेशी बजारको इन्तजाम गरि दिदा नै यहाँ स्वदेशी उद्योगहरू फस्टाउन सक्ने छन् । यसै संदर्भमा यहाँ बैंकको जिम्मेदार अधिकारहरू प्रति पनि केहि भन्न कर लाग्छ । वहाँहरूले नेपालीलाई ऋण दिनु भन्दा मोटो रकम घुस ख्वाएर अनि करोडौं रकम ऋण लिएर नेपाल छोडेर भाग्ने विदेशी पूंजीपतिहरूलाई ऋण दिन रूचाउँछन् र हरेक औद्योगिक ऋण घूस ख्वाई दिने गरेको देखिन्छ । यस दिशामा पनि सरकारले कडा कार्वाई गर्नु आवश्यक देखिन्छ ।

स्पष्टतः नेपालले आफ्नो देशको औद्योगिक विकासको निम्ति आफ्नै खुट्टामा उभिन सक्नु पर्छ । यसको उदाहरण उत्तर कोरियामा जम्मा ५० करोड डलर सोभियतसंघबाट मदत पाएको हो । बाँकि



सबै आफ्नै बलबुत्तामा बनाई लिएको हो । उनिहरूको नारा हो "जूचे" र "चाजुशङ्ग" जूचे भन्नाले "सबै कुरो जनताको निम्ति जनता द्वारा" चाजुशङ्ग भन्नाले, "आफ्नै खुट्टामा उभिएर" विदेशी ऋण एक भयङ्कर धाप हो, जसमा फंसे पछि त्यो राष्ट्र विकास गर्ने सट्टा झन् उल्टो अर्थ संकटमा फंस्न थाल्छ । पोलैण्ड र हंगेरीको अनुभव हाम्रो निम्ति एउटा शिक्षा हो । बिदेशी पूंजीको भरोसामा कुनै देशले उन्नति गरेको पाईदैन । पोलैण्डले ऋण लिदै गए देश विकासको नाउँमा । ऋण ४० अरब डलर पुग्यो । आखिर ब्याज पनि त तिर्नु पर्‍यो । आफ्नो सम्पूर्ण राष्ट्रीय उत्पादनको ५० प्रतिशत ब्याजमा तिर्नु पर्ने भयो । देशमा जनताको निम्ति सामानको अभाव भयो, महंगाई बढ्यो र वालेसः को नेतृत्वमा मजदूर आन्दोलन गरेर कम्यूनिष्ट व्यवस्थानै पल्टाई दियो । के अब पोलैण्डको समस्या समाधान भयो त ? कम्यूनिष्ट शासन पल्टेर १ वर्ष हुन पाएको छैन महंगाई ६ गुना बढ्यो, १० लाख भन्दा बढी जनता बेकारीको शिकार भए ।

संयुक्त लगानि, विदेशी ऋण र अनि फ्री कम्पेटिशन यी ३ वटा मिलेर नेपाललाई कदापि उठ्न दिने छैन । फ्री कम्पेटिशन समान शक्ति भएकाहरूको बीच हुन सक्छ, तर एउटा पहलमान संग भर-खरको बच्चाको फ्री कम्पेटिशन हुन सक्तैन । नेपाल-भारत कै सवाल लेऊ । भारत एक विशाल देश हो, यसले ईस्वी सन् १९४७ देखि स्वतन्त्र रूपले आफ्नो आर्थिक विकास गर्दै आएर आज विश्वको एक शक्तिशाली औद्योगिक देशको रुपमा विकास गरि लिएको छ । भारतमा आजकल हजारौं किलोमिटर हान्ने क्षेप्याष्ट देखि लिएर, उपग्रह, हवाई जहाज, मोटर कार, टेलिभिजन, रेडियो साराका सारा सामानहरु बनाई लिएको छ । एकातिर यो विशाल विकसित देश अर्कोतिर त्यो सानो नेपाल जसले हुकुम शाहीको भार खप्दा-खप्दा औद्योगिक विकासको निम्ति अन्न विऊ रोप्ने जमीन

(ब्यांड) पनि तयार गर्न सकेको छैन। अनि यी दुई देशको बीच फ्री कम्पेटिशन कसरि सम्भव हुन्छ ? फ्री कम्पेटिशन दुई समान शक्तिहरूको बीचमा हुन सक्तछ। दुई असमान शक्तिहरूको बीच फ्री कम्पेटिशनले कमजोरलाई कहिल्यै उठ्न दिँदैन। आफ्नै देश भित्र पनि मत्स्यन्याय चल्ने पूंजीवादी समाजमा ठूला र बलिया कारखानाले र निर्धा भरखरको कारखानाहरुलाई उठ्नै दिँदैन र नष्ट गरिदिन्छ। मकवानपुर जिल्लामा हाम्रै एउटा साथीले रू० १५०००।– (पन्ध्र हजार) बैंक संग ऋण लिएर एउटा पाउरोटी कारखाना खोलेछन्। त्यहि भेगमा एउटा अर्को बलियो पाउरोटी कारखाना रहेछ। तिनले हरेक पाउरोटीमा १५ पैसा घटाई दिएछ। त्यो नयाँ कारखानाले १५ पैसा घटाएर बेच्दा परल परेन, कारखाना बन्द भयो। ऋण तिर्न सकेन उल्टै आफ्नो घर–वारि बेचेर ऋण तिर्नु पर्‍यो। यो हो फ्री कम्पेटिशनको नमूना। अर्कोतिर त्यो बलियो कारखानाले पहिले १५ पैसा कम गरेर बेचेको बेलाको घाटा आफ्नो प्रतिद्वन्दी नयाँ कारखाना बन्द भए पछि फेरि रोटीमा पहिले भन्दा भाउ बढाएर बेची फेरि कमाएर लिए।

ज्वाइन्ट भेन्चरमा पनि ठूला पूंजीपति र साना लगानि कर्ताको बीच अस्थाई मेल हुन्छ र अन्तत्वगत्वा यहाँ पनि ठूलाले त्यो संयुक्त लगानी भएको कारखानामा आफ्नो प्रभुत्व जमाई लिन्छ र साना लगानी कर्ता त्यहाँबाट हात धोएर निकल्नु पर्छ। हाम्रै देशमा यस्तो घटनाहरुको उदाहरणहरू कम छैन। भारत हामी भन्दा धेरै धेरै बिकसित देश संगको संयुक्त लगानीले अन्तत्वगत्वा हाम्रो सम्पूर्ण अर्थ व्यवस्था माथि भारतको एकाधिकार पूंजीपतिहरुको प्रभुत्व जम्न जानेछ र यसले हाम्रो स्वतन्त्र राष्ट्रीय आर्थिक विकासमा योगदान दिने सट्टा नेपाललाई आर्थिक रूपमा एक नव–उपनिवेशिक देशमा परिणत गर्नेछ। भारत मात्र होइन अन्य ठूलठूला साम्राज्य–वादी देशहरूको एकाधिकार पूंजीसंगको संयुक्त लगानीको नतिजा पनि यही हुने हो।



पूंजीवाद परस्त व्यक्तिहरू अक्सर सोवियत संघ र जनवादी चीन भित्र अमेरिका, भारत आदि देशहरूको संयुक्त लगानिको उदाहरण दिएर नेपालमा पनि संयुक्त लगानिको निम्ति पैरवी गर्दछन्।

यहाँ विचार गर्नु पर्ने कुरो के छ भने सोवियतसंघ, जनवादी चीन स्वयम शक्तिशाली देशहरू हुन् र उनिहरूको अर्थ व्यवस्थालाई विदेशबाट आएको पूंजीसंगको संयुक्त लगानीले खास धक्का दिन सक्तैन। त्सस माथि ती दुईटै देशहरूको विशाल अर्थ व्यवस्थामा अहिले ती देशहरू भित्र रहेको संयुक्त लगानी र विदेशी ऋण हात्तीको मुखमा जिरा मात्र हुन् र यस्तो संयुक्त लगानी र विदेशी ऋण उनिहरूको विशाल अर्थ व्यवस्थामा नगन्य मात्र हुन्।

हाम्रो जस्तो पिछडिएको देशमा संयुक्त लगानी गर्नु दक्षिण कोरियामा झैं आफ्नो अर्थ व्यवस्थाको आधार नै संयुक्त लगानी गर्नु हो र हाम्रो जस्तो अविकशित देशमा विदेशी ऋण लिँदै जानु आफ्नो देशको अर्थ व्यवस्थालाई विदेशी ऋणको धापमा डुबाएर कहिल्यै उठ्न नसक्ने तुल्याउनु हो। अनि करेला माथि नीम थपेको भने झैं फ्री कम्पिटीसनमा छोडि दिनु हाम्रो देश कहिल्यै आर्थिक रूपले स्वतन्त्र हुन नदिएर हाम्रो राष्ट्रीय अर्थतन्त्रलाई नै वर्वाद गर्ने बाटो हो।

नेपालले उन्नति गर्ने हो भने यो संग स्वतन्त्र अर्थ तन्त्रको कसरी विकास गर्ने हो भन्ने योजना हुनु आवश्यक छ।

हामीले आफ्नो अर्थ व्यबस्थाको मूल आधार आफ्नो स्वतन्त्र राष्ट्रीय अर्थ तन्त्रलाई नै बनाउनु परेको छ। कुनै पनि विदेशी पूंजी आएर हाम्रो राष्ट्रीय अर्थ तन्त्रलाई स्वतन्त्र रूपले विकास गर्ने कुरोमा मद्दत गर्दैन। जहाँ पनि अमेरिकाले १ डलर लगानी गरेको हुन्छ, त्यो देशबाट सालमा २.५ डलर कमाएर लगेको हुन्छ।

के यसरी कुनै देशले विकास गर्दै जान सक्नेछ ? त्यस्तो देश झन् झन् अर्थ संकटमा फसी, झन् झन् विदेशी ऋणमा डुबेर गएको हुन्छ ।

यसै कारण हामीले आफ्नै स्वतन्त्र अर्थ तन्त्रको निर्माणमा जोड दिनु परेको छ । रह्यो पूंजीको सवाल । एकचोटी हामी सोवियत संघ, जनवादी चीन, उत्तर कोरियाको आर्थिक विकासको इतिहासलाई नियालेर हेरौं ।

ती देशहरूमा विदेशी पूंजी आएर त्यहाँको अर्थ व्यवस्थाले विकास गरेर लिन सकेको होईन । वरू दक्षिण कोरियाको अर्थ तन्त्रलाई हेरे स्पष्ट हुन्छ । विदेशी पूंजीको लगानीले त्यस देशको अर्थतन्त्र मात्र होइन, त्यहाँको संस्कृति र राजनीतिलाई पनि कसरी वर्वाद गरिदिंदो रहेछ ।

जहाँ सम्म सोवियत संघ, जनवादी चीनको सवाल छ जब उनिहरूसंग सोधियो उनिहरूको विकासको निम्ति पूंजी कहाँबाट आयो ? उनिहरूको जवाफ थियो, हाम्रो रकम हाम्रो माटोले दियो । हाम्रो देशमा पनि हाम्रो देशको माटो वा कृषि व्यवस्था हाम्रो देशको आर्थिक विकासको निम्ति एक ठूलो स्रोत बन्न सक्तछ । हो, अवश्य कृषि क्षेत्रमा सर्वप्रथम सामन्ती व्यवस्था खतम गरी काम गरी खाने किसानहरूलाई खेतको मालिक बनाएर अनि ती खेतहरूलाई सहयोगी खेतीमा बदलेर ठूला ठूला चक्ला खेत बनाएर त्यहाँ वैज्ञानिक खेती द्वारा उत्पादन बढाएर लिनु परेको छ ।

हाम्रो देशमा २ करोड एकड खेती योग्य जमीन छ । यसमा काठमाडौंको जस्तो मात्र टेकनिक लगाएर उत्पादनगरेको खण्डमा पनि हामीले धेरै गुना पैदावार बढाएर लिन सक्ने छौं । भनिन्छ तराईमा काठमाण्डौमा जस्तो उत्पादन हुन सक्दैन । सवाल छ किन हुन सक्दैन ? किन हुन नसकेको? फरक त्यहाँको माटो र हावा पानीमा



होइन, फरक हो खेती गर्ने तरिकामा । काठमाडौंको दुई जना किसानहरूले महोत्तरीमा २ विघा खेत लिएका थिए । जब कि उनिहरूको खेतको चारैतिर होचो होचो पहेंलो मकै को बारि थियो भने उनिहरूले खेति गरेको दुई बिगा खेतहरूमा हात्ती बुर्नै मकैको हरियो बारि थियो र लामा लामा घोघाहरू फलि राखेको थियो । किन ?

कारण हो, ती किसानहरूले हलो जोत्ने सट्टा काठमाडौंमा जस्तो जमीनलाई गहिरो खने, खेतमा गोबर फाल्ने सट्टा यसको मल बनाएर लगाए । अनि ३ पटक गोड–मेल गरेर आफ्नो खेतमा घाँसले खेतको रस चूस्न दिएन । जब कि तराईबासी किसानहरूले जमीन गहिरो खन्ने सट्टा हल चलाएर ३-४ अंगुल भन्दा बढि खेत जोतेनन् । मल बनाएर हाल्ने सट्टा खेतमा गोवर फाल्ने गर्छन् र गोड–मेल गरेर घाँस फाल्ने कामै हुँदैन । अनि भरसक पानीको राम्रो प्रबन्ध हुँदैन । किन यस्तो ?

किन भने जमीनको मालिक किसान हुँदैन, सामन्तहरू खेतमा वाली धेरै फल्यो भने किसान धनी होला भनेर (त्रसित) छन् । उनिहरू खेतमा धेरै फलाएर आफू पनि धनी, किसान पनि धनी बनाउने सट्टा कम फलाएर आफ्नो आम्दानी कम भए पनि किसानहरूलाई गरीब हालतमा जकडेर सदा सदा आफ्नो भरोसामा बाँच्नु पर्ने (करिया) अवस्था बनाएर राख्न चाहन्छन् र उनिहरू भन्छन् किसान धनी भयो भने हामीलाई टेर्दैन । आदि काल देखि नै सामन्तहरूको यो मनोवृत्ति रहेर आयो भन्ने कुरो हाम्रो पुराणहरू (श्री मद्भागवद) मा पनि पाइन्छ ।

तसर्थ उत्पादन वृद्धिमा एक ठूलो वाधक हो सामन्ती व्यवस्था । काठमाडौंका किसानहरू रोपनीमा ६ मुरी निकाल्छन्, २–३ बालि लगाउछन् । ६ मुरीको हिसाबले एकडमा ३६ मुरी

हुन्छ, करिब ५४ मन् भयो २ करोड एकडमा १०८ करोड मन् भयो। दुई बालिमा अर्को बालिको आढा मात्र राखे पनि १६४ करोड मन् भयो। नेपालको जनसंख्या २ करोड नै भएमा जनहि१० मन् खानलाई राखौं २० करोड मन् खानालाई पन्छ्याई अन्य खर्च को निम्ति ४४ मन् नै पन्छ्याए पनि कमसेकम १०० करोड मन् बच्छ, भने रू १०० ले बेचे पनि १०००० करोड अर्थात १०० अरब रूपियाँ बच्न आउँछ। यो रकम नै देश विकासको मूल स्रोत बन्न सक्छ। किसानहरूको दरिद्रताको मूल कारण हो सामन्ती व्यवस्था हाम्रो देशमा कृषि उत्पादनमा वृद्धिको निम्ति सामन्ती व्यवस्था समूल नष्ट गर्नै पर्छ र खेती गर्ने किसानहरूलाई जमीनको मालिक बनाउनै पर्छ। यसको निम्ति लुरे अर्थ नीतिले हुँदैन, एउटा दह्रो अर्थ नीतिको जरूरत छ। जहाँ इच्छा छ वहाँ बाटो निक्लन्छ।

अर्को स्रोत हाम्रो वन, जङ्गल र खानीहरू हुन्। तेस्रो स्रोत समाजबादी मुलुकहरूबाट पाइने निस्वार्थ आर्थिक मद्दत हो। चौथो स्रोत हाम्रो समाजमा सामन्ती चलन अनुसार विवाह इत्यादिमा भोज भतेरमा साल सालै जो करोडौं करोड खर्च हुन्छ, त्यसलाई बचाउ, अत्तर छर्केर हवाई जहाज चढ्ने चलनमा किफायत गरौं, पाईखानामा अत्तर छर्कने खर्च बन्द गरौं। यस्तै अनेकौं रवाफमा हाम्रो खर्चहरू छन्। अनि हाम्रो देशको राष्ट्रीय पूंजीपतिहरूले आज अनुत्पादक काला-धन्दा इत्यादिमा लगाइने गरेको पूंजी औद्योगिक विकासमा लगानी गरून्, आपसमा होड गर्ने ब्यापारमा लगाएको पूंजी औद्योगिक विकासमा लगाइयोस्। विदेशी ऋण अनुत्पादक काममा होईन, उत्पादनशील उद्योगहरूको विकासमा लगाइयोस्। अर्को एउटा श्रोत छ फौजी खर्चमा कटौति। हामी नेपाललाई शान्ति क्षेत्र भन्छौं। निश्चय पनि प्रजातन्त्रको अभावमा नेपाल शान्ति क्षेत्र हुन सक्ने थिएन। आज हामी कहां प्रजातन्त्र छ। यो प्रजातन्त्र जनताले शान्तिपूर्ण आन्दोलनबाट ल्याए। आज धेरै



जसो देशहरूले आफ्नो फौजी खर्च घटाउदै लगि राखेको छ। तर हामी भने नेपाललाई शान्शि क्षेत्र भन्दै फौजी रकम बढाउदै लगि राखेका छौं र २०४७।४।८ को बजेटमा फौजी खर्च १ अर्ब ११ करोड ३८ लाख र प्रहरीमा ८७ करोड राखेको छौं। यस मध्ये धेरै खर्च नयाँ नयाँ शस्त्र अस्त्रहरू किन्नमा जान्छ। सालसालै नयाँ नयाँ शस्त्र अस्त्रहरू आखिर किन ? को संग लडन ? यसले न चीन संग लडन पुग्छ, न भारत संग। तसर्थ हाम्रो निम्ति रक्षा को ग्यारेण्टी गर्ने बाटो हो यी दुइ वटै देशहरू संग मैत्री सम्बन्ध राखेर अनाक्रमण सन्धि गर्नु। आजकल कुनै देश माथि कुनै देशले आक्रमण गरेको अन्तर्राष्ट्रले सहंदैन पनि। साथै सुरक्षाको मूल ग्यारेण्टी जन चेतना हो। यसलाई जगाएर हामीले फौजी रकम कटाउन सकिन्छ र कमसे कम ५० – ६० करोड यहाँ बाट औद्योगिक विकासको निम्ति खर्च निकाल्न सकिन्छ। देशलाई आपत परेको बेला कल कारखानाका मजदुरहरू स्वयम् एउटा सशक्त फौजको रूपमा देखा पर्ने छ। यसरी सारा क्षेत्रबाट जोगाएर देशमा औद्योगिक विकासको निम्ति अर्थ संकलन गरियोस्।

औद्योगिक विकासको मूल आधार राष्ट्रीय उद्योगहरूलाई बनाइयोस्।

सहयोगी उद्योगहरूलाई पनि प्रोत्साहन गरियोस्।

जहाँ फ्री-कम्पेटिशनको सवाल छ यो हाम्रो अर्थ व्यवस्थाको निम्ति खतरनाक छ भारतको परराष्ट्र मन्त्री गुजरालको प्रस्ताव स्वागत योग्य जसमा भनिएकोछ, नेपालले भारतमा आफ्नो सामान फ्री-बेच्न पाउने र भारतीय सामानमा नेपालले भन्सार लाउन पाउने छ। नेपालको कमजोर आर्थिक स्थितिमा भारतको यो नीति सराहनीय छ यदि यसले व्यावहारिकता पाउँछ भने।

जहाँ सम्म संयुक्त लगानीको सवाल छ यसबाट नेपाललाई

नोक्सान नै भएको छ ।

मोरङ्ग कटन मील्स संयुक्त लगानिमा स्थापना भएको थियो । ५१ प्रतिशत नेपाली पूंजी र ४९ प्रतिशत मात्र भारतीय पूंजी लगानि गरेर स्थापना भएको सो मोरङ्ग कटन मील्सको सम्पूर्ण शेयर आज पहिले ४९ प्रतिशत लगानी गर्ने पूंजीको हातमा गएकोछ । माग्नेसाइट खानी उद्योगमा ८० करोड पूंजी मध्ये ७० करोड सरकारको जमानतमा ऋण दिने प्रबन्ध छ भने ६ करोड मोहन खेतानको र ४ करोड भारतको झुन झुनवालाको रहेको छ । यो ४ करोड लगानी नगद रकम लगानी नभएर झुन झुनवालाले मेशीन राखेको छ, तर सो मेशीन सही स्थितिको नभएर खराब हालतको छ भन्ने सुनिन्छ । यस वापत झुन झुनवालाले अनेक सहुलियत लिई सकेकोछ र करिब ४०करोड ऋण लिई सकेको छ । जब कि त्यो खानीको कुल इस्टिमेट १४ करोडको मात्र थियो, यो ४ करोडको लगानी किन चाहियो ? बरु ७० करोड रूपियाँ बैंक जमानत दिन सक्ने सरकारले त्यो ४ करोड र अन्य केहि शेयर सरकारकै लगानिको रूपमा किन नलगाउने ?

यस्तै बनेपा धागो उद्योगको प्रस्ताव आएको छ । आज यसलाई पनि एकातिर बैंक ग्यारेण्टी दिएर यो उद्योग चलाउन लगाउन आवश्यक छ भने अर्कोतिर यसमा पनि सरकारको यथोचित शेयर रहोस् । यसरी नै विस्तारै नेपालमा निजी उद्योगको साथै राष्ट्रीय उद्योग र उद्यमहरू पनि विकास भएर आउने छ ।

नेपालको उद्योग फस्टाउन नसकेको एउटा मूल कारण हो नेपालमा चलेको भ्रष्टाचार । राष्ट्रीय उद्योग प्रति त्यहाँको जिम्मेदार अफिसरहरू र कर्मचारीहरूले जिम्मेदारी निभाउने सट्टा भ्रष्टाचार गरेर राष्ट्रीय सम्पतिको रूपमा खडा भएको कारखानाहरू नोक्सानमा गईरहेको छ र राष्ट्रीय कारखानाहरू सफल हुँदैन



भन्ने कुरो देखाएर निजी क्षेत्रलाई मात्र प्रोत्साहन दिनु पर्छ भन्ने भावना फैलाइएकोछ ।

आजको स्थितिमा जहाँ निजी धनलाई काला–बजारी, तस्करी र अन्य गलत काममा लगाउने, घर बनाएर भाडा लिने, अनि व्यापारमा घाँटी–कटुवा होड गर्ने कार्यमा लगाउने कार्य हुँदैछ, त्यसको सट्टा ज्यादा भन्दा ज्यादा धन औद्यौगिक पूंजीमा लगाउन परेको छ । औद्योगिक विकास गरेर नै देशमा जनताले काम पाउने छन् । साथै राष्ट्रीय स्तरको कारखानाहरू बढाउने तिर पनि उत्तिकै ध्यान दिनु पर्ने छ । कारखाना खोल्नेहरूले नाफा बढता आउने तर जनतालाई त्यति फाइदा नगर्ने कारखाना खोल्ने सट्टा राष्ट्रीय विकासमा मद्दत गर्ने र जनतालाई आवश्यक बस्तुहरूको कारखानाहरूमा बढता ध्यान दिनु आवश्यक छ । आज ठाउँ ठाउँमा मादक पदार्थ र बियर बनाउने कारखानाहरू खोलि राखेकोछ । उद्योगपतिहरूले यस्तो कारखानाहरूमा ध्यान दिने सट्टा र सरकारले यस्तो कारखानाहरूको निम्ति लाइसेन्स र अरू सुविधाहरू दिने सट्टा जनतालाई नभई नहुने कपडा कारखाना, धागो कारखाना, कपडा कारखानामा मिहीन कपडाहरू र उनि कश्मिरा कपडा कारखानाहरूमा बढी ध्यान दिनु परेको छ ताकि नेपालले मिहीन र उनि कपडा लगायत सबै कपडाहरूमा आत्म निर्भर हुन सकोस् र भरसक निर्यात पनि गर्न सकोस् ।

आज नेपालले सियो सम्म पनि विदेशबाट मगाउन परेको छ । हरेक मेशीन र मेशीनको पार्ट–पूर्जा बाहिर बाटै मगाउन परेकोछ । टेकनिकल विकासको अभावमा हामीले सबै खाले टेकनिक बाहिर बाटै मगाउन परेकोछ ।

आजको युग टेकनोलोजीकल साम्राज्यवादको युग हो । मेशीन र मेशीनको पार्ट–पूर्जा बेच्नु र टेकनोलजी बेच्नु शोषणको एउटा

ठूलो माध्यम भएको छ। विदेशी एकाधिकार पूंजीले यही टेकनोलजी को आधारमा उनिहरूको एक घण्टाको श्रम हामी जस्तो अविकसित देशको जनताको ७ घण्टाको श्रम तिरेर लिनु पर्छ। यो शोषण नदेखिने शोषण हो र तकनि की साम्राज्यवादको यो एउटा रूप हो। जब सम्म हामीले पनि टेकनोलजीको विकास गर्दैनौं र हरेक मेशीन र मेशीनको पार्ट-पूर्जा बाहिरबाट मगाउन पर्ने हुन्छ त्यस बेला सम्म हामी बिदेशी एकाधिकारको शोषणबाट मुक्त हुन सक्नेछैनौं। यस दिशामा उद्योगपतिहरूले ध्यान दिनु परेको छ र सरकारले यस्तो कल-कारखानाहरू र कारखानाहको पार्ट-पूर्जाहरू बनाउने मातृ-उद्योगहरू, इन्जिनियरिङ्ग कारखानाहरू स्थापना गर्ने र आफ्ना देशका युवकहरूलाई बढि भन्दा बढि टेकनोलजी विकासको निम्ति विशेष तालिममा ध्यान दिनु परेको छ।

आधार भूत उद्योगहरू, मातृ उद्योगहरू, भारि र मध्यम उद्योगहरू सरकारले नै राष्ट्रीय स्तरमा विकास गर्ने कुरोमा बढि ध्यान दिनु परेको छ। यसरी नै राष्ट्रीय उद्योगहरूको आधार निर्माण गरेर ल्याउन सकिने छ।

हामीले एकातिर नेपालको सम्पूर्ण Idle money निस्क्रय धनलाई निकालेर निजी कारखानाहरूको वृद्धिमा जोड दिनु परेकोछ भने अर्कातिर राष्ट्रीय स्तरको उद्योगहरू र उद्यमहरूको विकास गरी राष्ट्रीय अर्थ तन्त्रको जग पनि बलियो बनाएर ल्याउनु परेको छ।

आज नेपाललाई आफ्नो खुट्टामा उभ्याउने हो भने एक प्रकारको औद्योगिक क्रान्तिको जरूरत छ। जति उद्योगहरू र उद्यमहरू बढ्यो उति नै देशमा बेकारी समस्या समाधान भएर जानेछ, हाम्रो व्यापार घाटा घटेर जानेछ, विदेशी ऋणको आवश्यकता खतम भएर जानेछ र अर्कातिर आम्दानी रकममा बढ्नेछ र हाम्रो बजेटको घाटा कम भएर बजेट सन्तुलित भएर आउनेछ।



जहाँ सम्म सम्पत्तिको सवाल छ उत्पादनशील उद्योगहरूमा लगाइएको बैंकमा जम्मा गरिएको, सेक्यूरिटीमा लगानी गरिएको रकममा सो सम्पत्ति कर मिनाहा गरी बरू उत्पादनमा जोड दिई, उत्पादन कर बाट आम्दानी बढाउने तिर जोड दिनु आवश्यक छ। उत्पादन कर उत्पादन हुने बित्तिकै लगाउने सट्टा, सो उत्पादन बिक्री भए पछि नै लगाउँदा उत्पादन वृद्धिमा प्रोत्साहन मिल्नेछ।

आज उद्योगक्षेत्रलाई निजी सम्पत्तिको रूपमा राखी उद्योग-हरू माथि ठूलो बोझ बढाइएको छ। या त त्यस क्षेत्रको ठाउँहरू उद्योग कै निजी क्षेत्रको रूपमा बदल्नु पर्छ होइन भने सो क्षेत्र सरकारी करण गरी त्यसबाट मनासिब भाडा सरकारले नै उठाउनु पर्छ। यसले पनि सरकारको आम्दानी बढाई दिने छ। उद्योग-पतिहरूको अर्को गुनासो छ, उद्योगमा लाग्ने बिजुलीको दर धेरै भारि छ र अनुचित छ खास गरि उही बिजुली भारतमा १९ पैसा एक युनिटको लागेको छ भने नेपालमा यो रकम रू. १।- भन्दा बढि छ।

२०४७/४८ को बजेटले

| | | |
|---|---|---|
| प्रहरी, कारागार र विविध गरेर | | ८७,८६,२४ |
| रक्षा र विविध | | १,११,३८,८८ |
| | | १,९९,१५,१२ |
| सांवाभुक्तानी | ७२,६६,८७ | २,३०,८०,८० |
| ब्याज | १,५८,१३,९३ | |
| | जम्मा रू. | ४,२९,९५,९२ |

जति देश सुव्यवस्थित हुन्छ, मानिसहरू शिक्षित र सुसंस्कृत हुन्छ, प्रहरी कारागार र विविध खर्च कम भएर जान्छ। साथै शान्ति क्षेत्र नेपालको प्रस्ताव अब व्यावहारिक रूप दिने बेला आएको छ। शान्ति क्षेत्र नेपालमा मिलिटी प्रयोग गरी जनतालाई

दबाउने र प्रजातन्त्र नै खतम गर्ने कुरोमा अक्सर लगाइन्छ । नेपालमा जन–चेतना बढाएर निश्चित रूपले आतङ्ककारी आन्दोलनको गुञ्जायस खतम गर्न सकिन्छ । पहिलेका झापालीहरू र आजको रामराजा प्रसाद सिंहले पनि अब हिंसात्मक आन्दोलन छोड्ने कबूल गरि सकेका छन् र नेपालको राजनीतिक आन्दोलन शान्ति पूर्ण बाहेक हिंसात्मक हुन सक्तैन र हिंसात्मक आन्दोलन नेपालमा फस्टाउन सक्ने छैन ।

यस बाहेक नेपालको सुरक्षाको सवालमा जनवादी चीन र भारत संग असल छिमेकीका रूपमा सन्तुलित र सुमधुर संबन्ध राख्न सकेको खण्डमा हामीलाई अन्तबाट हमलाको खटरा आउने छैन र ती देशहरूबाट पनि निश्चित रूपले हमला हुने छैन। छिमेकि देशहरूसंग सुमधुर सम्बन्ध राख्नै पर्छ र आपसमा आइपर्ने समस्याहरूलाई गोलीबाट होइन, कुरा कानि द्वारा सुल्झाउने परम्परालाई कायम राख्नु पर्छ र साथै भारत र जनवादी चीन दुबैलाई ग्यारेण्टी हुनु पर्छ कि नेपालले चीन तिर लागेर भारतलाई अथवा भारत तिर लागेर जनवादी चीनलाई कुनै खतरा हुने छैन, नेपाल कसैको पनि फौजी अखडा बन्ने छैन । आज विश्व भरिनै शान्तिको आवाज बुलन्द भएर हथियार कटौतिमा जोड दिएर आएको बेलामा नेपालले पनि फौजी कार्यमा होइन, औद्योगिक विकासमा खर्च बढाउनु परेको छ, फौजी क्षेत्रमा कम भन्दा कम खर्च गर्ने व्यवस्था मिलाउनु परेको छ ।

यस्तो स्थितिमा नेपालले सही मानेमा शान्ति क्षेत्र भएर फौजी जवानहरूको संख्या कटौति गर्न सकिन्छ, नयाँ नयाँ हथियार किन्ने खर्च बन्ध गर्न सकिन्छ । एउटा फौजी जवानलाई हुने खर्चले १० गैर फौजी-कार्यमा लगाएर उही जीवन स्तरमा राख्न सकिन्छ ।

तसर्थ यस २०४७।४८ को बजेटले प्रहरी, कारागार र रक्षामा जो २ अरब रुपियाँ खर्च देखाएकोछ त्यसबाट हामीले कमसेकम



१ अरब किफायत गरी उद्योगमा लगाएर फौजमा लागेका जवानहरूलाई उद्योगमा लगाएर एक जना फौजी जवानको ठाउँमा १० जना युवकहरूलाई लगाउन सकिन्छ ।

यस्तै हामीले यो साल मात्र २ अरब, ३० करोड, ८०, लाख, ८० हजार सांवाब्याज भुक्तानी गर्नु छ, यो रकम ५ वर्ष लाई मिनाहा लिएर करीव १२ अरब औद्योगिक विकासमा लगानी गर्न सकिन्छ ।

बजेटमा देखाए अनुसार हामीले विदेशी ऋण Concessional लहुलियत दरमा पाएका छौं । ब्याजको दर ७५% (सयकडा ७५ पैसा) देखि ३% सम्म देखाएको छ । त्यो पनि २० देखि ४० वर्ष सम्ममा तिर्ने गरेर यस्तो सहुलियत दरमा ऋण पाएर पनि हामीले यस सालमा मात्र तिर्नु पर्ने ब्याज १ अरब ५८ करोड पुगिसकेकोछ र यो ऋण ३३.८ प्रतिशतले वृद्धि हुंदै छ । त्यसको मतलव भयो हामीले अर्को साल ब्याज ३३.८ ले बढाउदा आउने सालमा हाम्रो तिर्ने रकम ३ अरब भन्दा बढि भई जानेछ । २०४७ को चैत्र मसान्त सम्ममा हाम्रो वैदेशिक ऋण ३३ अर्ब ६९ करोड १० लाख पुगिसकेको थियो भने आन्तरिक ऋण १३ अर्ब, २२ करोड २६ लाख देखाएकोछ । यसरी जम्मा ऋण ४६ अर्ब, ९१ करोड ३६ लाख पुगेकोछ । यो विशाल रकम कहाँ खर्च भयो । सारा रकम अनुत्पादक हरूमा खर्च भएको छ र यस मध्ये यसको वढि भन्दा बढि रकम चुहेर गई विदेशी बैंकमा जम्मा हुन गएको । यो चुहेर गएको रकम मात्र देशको राष्ट्रीय औद्योगिक विकासमा लगाइएको भए आज सम्म देशको आर्थिक विकासको ढाडको रूपमा राष्ट्रीय कारखानाहरूको जग राम्रै सग बसिसक्ने थियो ।

यस कन्सेसन रेटमा पाएको ऋण औद्योगिक विकास खास गरी राष्ट्रीय क्षेत्रमा औद्योगिक स्थापना गर्ने कुरोमा लगाउन

सकिन्छ । ऋण लिदै अनुत्पादक क्षेत्रमा खर्च गरेर ऋणको बोझ मात्र बढेर विदेशी शोषणको धापमा फस्न जाने हु, जसबाट हाम्रो देश कदापि उठन सक्ने छैन ।

२०४७।४८ को बजेटले जहाँ रासायनीक मल किन्न ३० करोड रुपियाँ अनुदानको प्रबन्ध गरिएको छ । कसरी पटकै पिछे ३० सौं करोड अनुदान दिने र बाहिरबाट मल झिकाउने सट्टा रासायनीक मल कारखाना खोल्ने तिर सरकारले कुनै ध्यान दिएको देखिन्न ।

आफ्नै देशमा मल कारखाना खोलेर विदेशीको निम्ति शोषण गर्ने बजार र साल सालै मल किन्नको निम्ति ऋण लिएर यस ऋणमा लाग्ने ब्याज बाट हुने शोषण मुक्त हुने हो, भने नेपालले साल सालै मल किन्ने माध्यम दिने सट्टा आफ्नै मल कारखाना खोल्ने कुरोना ध्यान दिन अत्यन्त आवश्यक छ । यसले एकातिर ब्यापार घाटा घटाउनमा मद्दत गर्नेछ भने अर्कातिर बढदो ऋण र यसमा लाग्ने ब्याजको बोझ पनि घट्न जाने छ ।

नेपालले रासायनीक मलको साथै कम्पोष्ट मल वनाउनमा पनि उत्तिकै ध्यान दिनु परेको छ । तराई क्षेत्रमा कम्पोष्ट मल बनाएर लगाउने सट्टा, खेतमा काँचो गोबर फ्याक्ने चलन छ । तराई क्षेत्रमा कम्पोष्ट मलको निम्ति एउटा आन्दोलन नै चलाउनु परेको छ भने पहाडी भेगमा पनि खाल्टो खनेर व्यबस्थित ढङ्गले मल बनाउने सट्टा एक ठाउँमा थुपारेर मल बनाउने गर्छन् । यहाँ पनि कम्पोष्ट मल बनाउने तरिकामा सुधार ल्याउनु जरूरी छ ।

रासायनीक मलले उत्पादन वृद्धि गरे पनि उत्पादित बस्तुको गुण स्तर लाई घटाई दिएको छ । यस कारण कृषकहरूले बढि ध्यान कम्पोष्ट मल र यसको सहायकको रूपमा मात्र रासायनीक मल प्रयोग गर्न जरूरी देखिन्छ र यो रासायनीक मल सरकारले राष्ट्रीय



उद्योगको रूपमा खोल्न सक्छ ।

हाम्रो औद्योगिक नीतिमा ३ स्तर गर्न आवश्यक छ :-

क) सरकारी स्तरका राष्ट्रीय उद्योग र उद्यमहरू
ख) सहयोगी उद्योगहरू र उद्यमहरू
ग) निजी क्षेत्रको उद्योगहरू:- व्यक्तिगत र ज्वाइन्त स्टक कम्पनीहरू

निश्चय पनि सरकारी स्तरका उद्योगहरू मार्क्सवादी चेतना–हीन कर्मचारीहरूको हातबाट चल्न सक्तैन । भ्रष्ट कर्मचारीहरूको कारण सरकारी स्तरको उद्योग र उद्यमहरू जहिले पनि घाटामा नै गएको हुन्छ । यदि इमान्दार र लगनका साथ काम गरी दिएको खण्डमा राष्ट्रीय उद्योगहरू फष्टाउन नसक्ने कुनै कारण छैन । चेतनशील मजदूरहरु र उनिहरूको इमान्दार प्रतिनिधिहरू मानेजिंग बोर्डमा समाबेस गरेर त्यस उद्योग र उद्यमहरूको मूनाफाको आम्दानीबाट खास प्रतिशत मजदूतहरूमा बोनसको रूपमा वितरण गर्दा हुन सक्छ राष्ट्रीय उद्योग र उद्यमहरू सञ्चालित सक्नेछन् । राष्ट्रीय उद्योगको सफलताको निम्ति देशभक्त, इमान्दार र कुशल प्रवन्धकको जरूरतछ कोअपरेटिभ कारखानाहरूको सफलताको निम्ति पनि एक हद सम्म नयाँ संस्कार र संस्कृतिको आवश्यकता छ । होइन भने आपसमा शंका र निजी स्वार्थको तानातानीले यसलाई पनि सफल हुन दिँदैनन् ।

यस्तो स्थितिमा आज निजी क्षेत्रलाई पनि अवहेलना गर्न सकिन्न । अनुत्पादक भएर बसेको रकम बाहिर ल्याएर औद्योगिक विकास गर्नको निम्ति र उद्योगहरूमा राम्रो रेखदेखको निम्ति आज निजीक्षेत्रको उद्योगहरूलाई नकार्ने स्थिति छैन ।

राष्ट्रीय उद्योग र उद्यमहरू र सहयोगी(Co-operative) उद्योग र उद्यमहरूको निम्ति नयाँ संस्कृति र संस्कारको निर्माण

गर्ने कुरोमा विशष ध्यान दिनको साथै निजी उद्योग र उद्यमहरूलाई पनि प्रोत्साहन दिएर द्रुततर बेगले देशमा औद्योगिक विकासमा जोड दिएर नेपालले आत्म निर्भर आर्थिक विकास गरेर जानु परेको छ ।

आज हाम्रो देशको औद्योगिक विकासको निम्ति एकातिर इमान्दार र देश प्रति वफादार र साथैं सुयोग्य र कुशल प्रवन्धक–हरूको आवश्यकता छन् भने अर्कातिर काममा जांगरिलो मजदूर–हरूको पनि आवश्यकता छ ।

गएको पञ्चायती सरकारले सामाज्यवादीहरूको हावामा मानिसहरूको सामाजीक र नैतिक जिम्मेदारीलाई तोडी दिएको छ र उत्पादनशील काममा लागेर आम्दानी गर्न छोडाएर खर्चालु बानि बसाई दिएको छ र मानिसहरूको मनोवृत्ति उत्पादनशील कार्यमा श्रम गरेर कमाउनु भन्दा पनि सजिलो तरिकाले बिना श्रम कमाउने तिर लगाई दिएको छ । मेहनत गरौं कमाऔं भन्ने भावना-लाई मारि दिएको छ । भारतबाट मजदूरहरू आउँछन्, मेहनत गर्छन्, महिनाको रु. ३ हजार कमाएर लान्छन् । हाम्रो देशको मजदूरहरुले उनिहरु संग कम्पीट गरेर आफुले पनि कमाउने सट्टा महिनामा १०००–१२०० रुपियाँ कमाएर संतोष भएर जीवन बिताउँछन् ।

हाम्रो देशमा औद्योगिक विकासको निम्ति हाम्रा युवकहरूलाई एकातिर तीव्र रुपले तालिम गर्ने प्रबन्ध मिलाउन जरुरी छ भने अर्कातिर जसरी भए पनि कमाउने सट्टा आफ्नो उत्पादनशीलता बढाउने दिशामा प्रोत्साहन दिनु परेको छ ।

नेपालमा कयन यस्ता कारखानाहरू छन् जो आफ्नै देशको कच्चा पदार्थले बनाएर आफ्नै देशमा बजार बनाएर विकास गर्नसकिनेछन्। नेपालका उद्यमिहरूमा पनि आफ्नो जिम्मेदारी पूरा गर्ने सट्टा जसरी



भए पनि २ नम्बर धन्दा गरेर पनि कमाउने प्रवृत्ति नै ब्याप्त देखिन्छ ।

निर्माण कार्यको ठेकदारी प्रथा पनि गलत ढङ्गले चलिरहेको छ । तह तह पैसा खुवाएर ठेक्का लिनु पर्ने, पर्ता परोस् वा नपरोस् सबभन्दा तल्लो रेटमा ठेक्का स्वीकार गर्नु पर्ने अनि यी सबै शर्तहरू पूरा गरेर ठेक्का लिए पछि आफुलाई २ पैसा बचाउनको निम्ति बेइमानी गरेर ठेक्काको काम जसो तसो पूरा गर्ने सिवाय बाटो नै के रहन्छ ? मैले देखेको थिएं, मेरो पूर्वी क्षेत्रको भ्रमणमा जाँदा एउटा सडकमा पीच बन्दै थियो। ४ महिना पछि सोहि ठउँमा फेरि भ्रमणमा जाँदा सो सडक बनेर पनि बिग्रेर सडकमा खाल्टो–खाल्टो भै सकेको थियो । कस्तो निर्माण हो यो ?

यस्तै मलाई थाहा छ, काठमाडौंमा सार्क सम्मेलनको तयारीको बेला सडक छेउको जो पर्खालहरू बने त्यसमा १३ भाग बालुवा र एक भाग मात्र सिमेन्ट राखेर बनाएको छ । एकातिर यो गैर जिम्मेदार तरिका हो भने अर्कातिर ठेकदारहरू माथि तह तह गरी पैसा खुवाउनु पर्ने र बैंकमा ऋण लिदा सम्म पनि बैंकलाई तिर्ने ब्याज मात्र होइन कर्मचारीहरूलाई समेत १० प्रतिशत कमिशनको रूपमा घुस दिनु पर्ने चलनको फल हो । यी सारा गलत चलन माथि प्रहार गरी एकातिर ठेकदारहरूलाई पनि मनासिब रकम बच्ने र अर्कातिर उनिहरूको कार्य पनि जिम्मेदारी पूर्ण बनाउनु परेको छ र यसरी प्रबन्ध गरेर पनि गैर जिम्मेदारी तरीकाले काम गर्ने ठेकदार–हरू माथि र यस्तो कच्चा काम पास गर्ने इन्जिनियरहरू माथि पनि कडाईका साथ कार्वाही हुनु पर्नेछ ।

म एकातिर ठेक्का पट्टा इत्यादिमा दिइने निर्माण कार्य नेपाली नागरिकहरूको हातबाट होस् र उनीहरूलाई चाहिने सुविधा र मनासिव रेट तोकियोस् र घाँटी कट्वा होडमा काम गर्न नपरोस्

भन्ने पक्षमा छु भने अर्कातिर यस्तो सहुलियत दिदा दिदै पनि खाली झारातार्ने, कच्चा काम गरी धोखा दिनेहरू माथि कडा भन्दा कडा कार्वाही गरियोस् भन्ने पक्षमा छु। यस्ता गैर जिम्मेदार लालचीहरू-लाई सीत्रै जेल र भारि रकम दण्ड गर्नु भन्दा अरू बाटो छैन । हाम्रा उद्यमीहरूलाई एकातिर प्रोत्साहन गर्नु छ भने अर्कातिर उनिहरू माथि कडाई पनि गर्नु छ र यस्तो कच्चा काम पास गरि-दिने इन्जिनियरहरू माथि पनि कडा कार्वाई गर्नु करै लाग्छ ।

हाम्रा देशका उद्योगपतिहरूमा पनि बढता इमान्दारीता छैन। नेपालमा नरिवलको तेल बन्छ, भारतमा टाटा कम्पनीले पनि नरिवलको तेल बनाउँछ । टाटाको तेल भन्दा हाम्रो देशमा बनेको तेलको गुणस्तर बिल्कुल घटिया छ । हाम्रा देशका उद्योगपतिले टाटाको बराबर किन गुणस्तर बढाउन सक्दैन ?

अनि हाम्रा देशका व्यापारीहरु पाम आयल मगाएर जनताको जीवन वर्वाद गर्न केहि हिच किचाउँदैनन् अनि आफुलाई नेता भन्ने भ्रष्ट व्यक्ति यस्तो पाम आयलमा टीनै पिछे रू. ५० खाएर पास गराउन सरकारमा दवाउ दिन्छन् । यस्ता भ्रष्ट नेता वा नेताहरू र व्यापारी वा व्यापारीहरू माथि पनि कडा कार्वाई गर्नु पर्दछ । यस्ता भ्रष्ट नेताहरू नै देशको वर्वादीको एउटा मूल कारण हो । यस्ता नेताहरूले चन्दाको नाउँमा घुस खान्छन् र यस्तै रकमको आधारमा झूठा कुरोहरू प्रचार गरी जनतामा भ्रम फैलाएर चुनाउ जित्छन् र अनि यस्ता नेताहरू सरकामा गए पछि थप भ्रष्टाचार गरी आफ्नो स्वार्थ सेवा गर्ने सिवाय देशको सेवा कहिल्यै गर्दैनन् । यसै कारण मैले जोड दिएर आएको छु चुनाउ खर्च सीमित गरि-योस् र यो खर्च सरकारले व्यहोरोस्, भ्रष्ट नेताहरू माथि कडा कार्वाई गरियोस् ।

अहिले यो लाइन लख्ने बेला पनि रक्सौलमा नेपाल भित्राइने



पाम आयल तयार भएर बसेको छ । नेपालमा पाम आयल र यस्तै पदार्थहरू आउँछन् भने निश्चित रूपले यसमा छानवीन हुनु पर्छ र भ्रष्टाचार गराउने व्यापारी मात्र होइन, भ्रष्टाचारमा संलग्न कर्मचारीहरु र यस्तो भ्रष्टाचारको भागिदार नेताहरु माथि पनि कडा कार्वाई हुनु पर्दछ । भ्रष्टाचार नै नेपालको अधोगतिको मूल कारण हो ।

व्यापारीहरुलाई मेरो भनाई छ यस्ता २ नम्बरी धन्दा गर्ने सट्टा त्यही पैसा औद्योगिक विकासमा किन नलगाउने ? आजको सरकारले औद्योगिकहरुलाई यथोचित सहुलिय दिएर प्रोत्साहन दिनु परेको छ ।

हाम्रो देशमा गार्मेन्टस् बन्छ, तर कपडा भारत र पाकिस्तान बाट आउँछ । आफ्नो गार्मेन्ट उद्योगलाई चाहिने कपडाको कार-खाना किन नेपालमा नबन्ने ? कतिपय गार्मेन्टस् कारखाना बजारको अभावमा बन्दछ । यस्तो कारखानाहरुको सफलताको निम्ति अन्त-र्राष्ट्रीय वजारको प्रबन्ध सरकारले गरि दिनु जरुरी छ । बजारको प्रबन्ध नहुंदा बजारको खोजीमा बाहिर विदेशबाट आएकाहरुसंग संयुक्त लगानी गर्छन्, विदेशीले अनि धोखा दिएर पैसा पोको पारेर भाग्छन् । यस्तो संयुक्त लगानी भन्दा पूर्ण रुपले राष्ट्रीय उद्यमीहरु बाट राष्ट्रीय उद्योगको विकास गर्ने कुरोमा हामीले जोड दिनु परेको छ ।

यो २०४७।४८ को बजेटले सम्पत्ति कर लगाउने चलन चलाएको छ । सम्पत्ति कर लगाउँदा निस्क्रय सम्पत्ति र सक्रय सम्पत्तिमा भेद गरेर कर लगाउँदा नै बेस होला । आज धेरैले कमाउने सजीलो बाटोको रुपमा धेरै जसो लगानी घर र जग्गामा लगाइएको छ । जग्गा खरिद आवश्यकताले होइन, धेरै जग्गा वगटेर पछि बढि मोलमा बेच्नको निम्ति किनिराख्ने गरेको पाइन्छ ।

अनि कतिले आफ्नो लगानी ब्याज खाने र कालाबजारी र तस्करी मा लगाएको देखिन्छ। यस्तो सम्पत्तिमा बढि भन्दा बढि कर लगाउनु बेमनासिब होइन, यताबाट सो सम्पत्ति औद्योगिक विकासमा लगाइयोस् भन्ने हेतुले सम्पत्ति कर लगाउँदा उद्योगहरु र बैंक बैलेन्समा छुट दिन आवश्यक देखिन्छ। कारण बैंक बैलेन्स पनि औद्य.गिक विकासको निम्ति पूंजीको स्रोत हो।

यो २०४७।४८ को बजेट मा कुल राजस्व १० अर्ब मध्ये ३ अर्ब भन्सार महसूल बाट आउने देखिन्छ। अनि अर्को रकमहरू बिक्रि कर बाट १ अर्ब ८६ करोड देखाइएको छ। ११ करोड होटेल करबाट आउंछ यसरीं ५ करोड जति व्यापारसंग सम्बन्धितछ। यसरी हाम्रो राजस्व को झन्डै आधा व्यापार बाट प्राप्त हुन्छ। यसले हाम्रो देशको आर्थिक स्थितिको चित्रण गर्दछ। अब हेरौं कसैले कार मगायो, भन्सार लगायो, राजस्व आम्दानी भयो। के यो सहि मानेमा राष्ट्रीय आय हो ? यो त नेपालको धन एक हात बाट अर्को हातमा हस्तान्तरण मात्र हो। यो आम्दानी होइन। दायाँ हातले बायाँ हात लाई पैसा दिन्छ भने यसले सो व्यक्तिले आम्दानी गऱ्यो भन्ने कुरो जनाउदैंन। बरू यो भन्सार रकमले अरु पनि हाम्रो खर्च लाई जनाउछ।

यहाँ एउटा जापानी कथा याद आउछ। २ जना साथीले २ कनिष्टर रक्सी बेच्न बजार गएछन्। बाटोमा थकाई लागे र दुबै रूख भनि बसेछन्। एउटा संग १ रूपयां रहेछ। उसले त्यो रूपयाँ बाट साथी संग रक्सी किनेर खाएछ। अर्कोले त्यो रूपयाँ पायो। उसलाई पनि रक्सी खान सक्सक् लाग्यो। उसले पनि त्यो पैसाले अर्को साथी संग किनेर एक ग्लास रक्सी खायो। एक ग्लास खाए पछि झन् सक्सक् लग्यो आलै पालो एकले अर्को संग किनेर रक्सी खान थाल्यो। आखिर दिन भरिको व्यापार भयो, रक्सी सिद्धियो, अनि अन्तमा खालि कनिष्टरहरू र त्यो रू १।– लिएर घर फर्क्यो। दिन भरिको व्यापारले आम्दानी कति गरायो ?



राम बहादुर ले श्याम बहादुरलाई खेत बेच्यो यो खेत किन बेच मिलाउने हरि बहादुरले कमिसन पायो। यस्तै कारोवारमा हरि बहादुरले १० लाख कमायो, राम बहादुरले पनि यस्तै आफ्नो खेतहरू बेचेर २० लाख कमायो, अनि हरि बहादुर र राम बहादुरले कारहरू र टिभीहरू मगाए। भन्सार तिरे। सरकारी राजस्व बढयो, अनि राष्ट्रीय आम्दानी कति बढयो त ?

यसरि राजस्व कमाएर देश चलाएर पनि देश उन्नति हुने हो ? यो देशको अधोगति को लक्षण मात्र हो। आफ्नो मासु आफै खाएर कोई मोटाएर आउदैंन। कृषि बिकास गरेर र साथै औद्योगिक विकास गरेर यसबाट हुने आदानी मा आयकर, अन्तः शुल्क, मालपोत इत्यादि बाट उठेको राजस्वनै स्वस्थ राजस्व साबित हुनेछ।

यो बजेटले ग्रामीण स्वावलम्वन विकास कोष भनेर १ करोड छुट्याएकोछ। हाम्रो देशको १ करोड ७० लाख जनता मध्ये १ करोड ५० लाख भन्दा बठि जनता ग्रामीण क्षेत्रमा नै बसोबास गर्छन्। यो एक करोड रुपियाँ जनहि रू. १।– पनि पुग्दैन। यस्तो रकम हात्तिको मुखमा जिरा भने झैं कहाँ जान्छ, जान्छ र गाउँको टाठा–बाठाले सिवाय यसको फाइदा सर्व साधारण जनताले पाउने होइन। स्पष्टतः यसले ग्रामीण जनतालाई स्वावलम्वन गराउन सक्ने छैन।

ग्रामीण जनतालाई स्वावलम्बन बनाउने हो भने गाउँ घरमा खेत माथि जनसंख्याको चाप घटाउनु आवश्यक छ।

पञ्चायत सरकारले यसको उपायको रुपमा परिवार नियोजन लाई नै देखाएको छ। परिवार नियोजनले मात्र गाउँ घरको

जमीनमा जन संख्याको चापलाई घटाउन सकिदैंन । जमीनबाट जन संख्याको चाप घटाउने उपाय हो अन्य उद्योगहरू र उद्यमहरुको विकास । हामी आफ्नो देशलाई कृषि प्रधान देश भनेर मख्ख छौं । जब सम्म देशमा कृषि, उद्योग र उद्यमहरुको सन्तुलित रूपले विकास गर्न सकिन्न र कृषि प्रधानबाट उद्योग प्रधान देशमा बदलन सकिन्न देशको आर्थिक समस्या कदापि समाधान गर्न सकिन्न । तसर्थ जहाँ कृषि विकासमा जोड दिनु छ र वैज्ञानिक तरिकाले भूमिसुधार गरी काम गरी खाने किसानहरूलाई सामन्ती खेतहरु वितरण गरी उनि–हरुलाई आफ्नो काम गरी खाने जमीनको मालिक बनाएर यसलाई सहयोगी खेतमा बदलेर नै कृषि उत्पादनलाई बढाउन सकिनेछ । साच्चै नै वैज्ञानिक तरिकाले कृषि विकास गर्ने हो भने कृषिको निम्ति काम गर्ने किसान २५ लाख भन्दा बढि चाहिदैंन । तर यसको निम्ति चाहिने उपकरणहरूको मिर्माणको निम्ति हाम्रो देशमा भारि उद्योगहरु, मातृ उद्योगहरुको विकास गर्न जरुरत छ । होइन भने कृषि बिकासको निम्ति चाहिने रासायनीक मल मेशीनहरु बाहिर बाट मगाउंदै काम गर्नु पर्‍यो भने जति कृषि उत्पादनमा वृद्धि हुने हो त्यो सबै दिएर नपुगी उल्टै घाटा पर्न थाल्छ । यस कारण जहाँ कृषि उत्पादन बृद्धिमा जोड दिनु छ, अर्कातिर जबसम्म यस उत्पादनको निम्ति चाहिने रासायनीक मल देखि लिएर कृषि औजारहरू, ट्राक्टर इत्यादि नेपालमा नै बनाउने काम हुँदैंन कृषि उत्पादन बढेर पनि यो सबै उत्पादनले विदेशी पूंजीलाई पोस्न पनि नपुग्ने हुन जान्छ ।

अहिले सम्म हाम्रो मनोभाव नै यस्तो छ कि हामी कहाँ न रासायनीक मल बन्न सक्नेछ, न ट्रैक्टर इत्यादि नै बन्न सक्नेछ । यो गलत मनोभावलाई निकालेर फ्याक्नु परेको छ । सोवियत सघले बीरगन्ज कृषि औजार कारखानामा नेपाल पहाडी भेगमा



चल्ने साना खालको ट्रैक्टर उत्पादन गरि दिने प्रोग्राम दिएको थियो। तर पञ्चे सरकारले यस प्रोग्राममा मंजूर गरेन । तसर्थ नेपालमा यस्तो औजारहरु बन्न नसक्ने होइन, जहाँ सानो ट्रैक्टर बन्न सक्छ वहाँ ठूलो ट्रैक्टर र अरु मेकानिकल संयन्त्रहरु पनि बन्न नसक्ने होइन।

यस कारण कृषि विकासको साथै हाम्रो औद्योगिक विकास जोडिएको कुरो हो र जति औद्योगिक विकास हुने छ, अरू उद्यमहरू बढेर जानेछ र देशमा उद्योग र उद्यमहरू जति बढेर जानेछ, खेतिमा निर्भर किसानहरूको जन संख्याको चाप घटेर जानेछ र यसले नै किसानहरूको जीवन स्तर उठेर आउने छ । ग्रामीन स्वावलम्बन विकास कोषमा १ करोड पन्छचाएर ग्रामीण समस्या समाधान हुने छैन । जरूरत छ, वैज्ञानिक भूमिसुधार, अनि वैज्ञानिक तरीकाले कृषि बिकास र साथै द्रूतगतिले उद्योग र उद्यमहरूको विकास पनि उत्तिकै जरुरत छ ।

"जमीन कसको ? जोत्ने को" नाराले एउटा अपाङ्ग होस्, बालक होस्, विधवा होस्, साधारण कर्मचारी होस् वा व्यापरी होस् सबैको जमीन खोसेर जसले जोतेर आएको छ उसलाई दिने सवाल आउँछ । यसले एकातिर ती अपाङ्ग होस् वा बालक, विधवा, साना कर्मचारी अथवा साना व्यापरी सबलाई आर्थिक संकटमा फसाई दिन्छ भने अर्कातिर अनुचित ढङ्गले धेरै जमीन कमाई राख्ने धनी किसानलाई पोस्दछ । जब कि खेत हीन र गरीब किसान जहाँको त्यहिं रहन्छ र उनिहरूको जीवनमा विशेष परिवर्तन ल्याउन सक्ने छैन ।

आजको आवश्यकता हो, सामन्ती जमीन खोसेर खेतहीन किसान र गरीन किसानलाई उनिहरूले जोत्न सक्ने जमीन दिनु । सामन्ती जमीन मात्र होइन खेति योग्य पर्ति जमीन पनि खेतहीन र गरीब किसानलाई नै दिनु पर्छ । आज सुकुमबासी किसानहरूलाई

जमीन दिने सट्टा यो संयुक्त सरकारले पनि उनिहरूलाई जङ्गल फांडेर बस्यो भनेर उनिहरूको निम्ति बसोबासको कुनै प्रबन्ध नगरी बसेको ठाउँबाट जबरदस्ती उठाउँदैछ । यो गलत नीति अन्तरीम सरकारले त्यागेर उनिहरूलाई कहिबाट उठाउँछ भने उनिहरूलाई कहाँ बसाल्ने हो र के काम दिने हो प्रबन्ध गरेर मात्र उठाउनु पर्छ । बाम मोर्चाबाट गएका मन्त्री ज्यूले यसमा अवश्य ध्यान दिनु पर्छ, यसको जिम्मेदार मन्त्री ज्यू नै हुने छन् । भूमिसुधार गर्दा जोत्नेलाई जमीन दिने नाउँमा एउटा अपाङ्ग, एउटा विधवा, साधारण कर्म–चारी अथवा साधारण व्यापारीको पनि जमीन किसानलाई दिने सवाल आउँदैन आफ्नो परिवार पाल्न सम्म पुग्ने जमीन मध्यम वर्ग होस् वा सामन्त होस्, उनिहरूसंग खोस्ने सवाल आउँदैन । सामन्त-हरूको बढि जग्गा खोसेर, बिना मुआबजा खेतहीन र गरीब किसानहरूमा वितरण हुनु पर्छ, पति जमीन खेतहीन र गरीब किसानहरूमा वितरण हुनु पर्छ । यस्तो किसानहरू माथिको ऋण पनि खारेज हुनु पर्छ र चक्रवृद्धि ब्याजको चलन बन्द हुनु पर्छ । किसानहरूलाई बाख्रा पालन, गाई पालन, माछा पालनलाई दिएको ऋणमा उनिहरूको काम बिग्रेमा बिचार पुर्‍याएर उनिहरूलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाउन परेको छ ।

हाम्रो तराई र जङ्गल क्षेत्रमा अक्सर सयकडौं गाई पाल्ने गर्छन् । दुध भने एक–दुई माना मात्र पाउँछन् । बाँकी खेतको निम्ति गोबर लिने गर्छन् । यो प्रथालाई हटाएर दुध दिने गाई पालन गर्नमा प्रोत्साहन गर्नु परेको छ ।

नयाँ खोलिने उद्योग र उद्यमहरूमा सुकुमबासी किसनहरूलाई र गरीब किसानहरूलाई बढि ग्राह्यता दिनु परेको छ । साथै हाम्रा देशका युवकहरू जो काम नपाएर बेकारीमा बसेकाछन् अथवा जे पायो उही काम गरेर हिंडेकाछन् उनिहरूलाई पनि यथोचित तालिम



दिएर यस्तो उद्योगहरू र उद्यमहरूमा लगाएर उनिहरूको बेकारी समस्या हल गर्नु परेको छ ।

यसको निम्ति सुकुमबासी र गरीब किसानहरू र युवकहरूको निम्ति Employment Exchange खोलेर उनिहरूको नाउँ दर्ता गरी राख्नु आवश्यक छ ताकि जहाँ जहाँ कामको निम्ति मानिसको आवश्यकता हुन्छ त्यहाँ सुकुमबासी किसानहरू, गरीब किसानहरू र काम नपाएर बेकारीमा परेका युवकहरूलाई काममा लगाउन सकिकोस् ।

औद्योगिक बिकासमा, खासगरी निजी क्षेत्रमा एकातिर मजदूर वर्ग हुन्छ भने अर्कातिर उद्योगमा पूंजीलगाउने पूंजीपति वर्ग हुन्छ । पूंजीपति वर्गले पूंजी नाफाको निम्ति लगाउँछ । एक करोड लगाएर एकै करोडमात्र पाउँछ अथवा आफ्नो सम्पत्ति एक करो–डको एकै करोड भई रहन्छ भने निश्चित रूपले आफ्नो पैसा लगाउँदैन, नोक्सान हुन्छ भने त झन् पैसा लगाउँला भन्ने सवालै आएन । अर्कातिर मजदूरको श्रम बिना पूंजीपत्तिले जति पैसा खन्याए पनि कुनै कुरो उत्पादन हुन सक्तैने । मजदूर वर्गको श्रम-शक्ति नै त्यो शक्ति हो जसले कुनै कुरोको उत्पादन गर्न सक्तछ । रबट नै लगाए पनि रबट स्वयम् मानिसको मानसिक र शारिरीक शक्ति प्रयोग गरेर बनाएको हो । तसर्थ मानिसको श्रम शक्ति नै विश्वको सम्पूर्ण पदार्थहरूको निर्माता हो । यो श्रम शक्ति-लाई शोषण र दमनवाट मुक्त गरेर नै कुनैं पनि देश द्रुत गतिले अगाडि बढ्न सक्ने छ ।

तसर्थ जहाँ श्रमिक जनताले आफ्नो श्रमको उचित मूल्य पाउनु पर्छ, अर्कातिर पूंजीपति वर्गले निजी क्षेत्रमा लगाएको पूंजीमा मनासिब नाफाको पनि केहि हद सम्म ग्यारेण्टी हुनु आवश्यक छ । मजदूर वर्गसंग आफ्नो पूंजी नहुँदा वहाँहरूले पूंजीपत्ति वर्ग द्वारा

निजी क्षेत्रमा स्थापना गरेको उद्योगहरूमा काम गर्न करैं लाग्छ । यस कारण एक हद सम्म मूनाफाको ग्यारेण्टी गर्न करैं लाग्छ । यसैं कारण मेरो बिचारमा ८% नाफा एक चक्र (Turn over) मा ग्यारेण्टी गरी सालमा २५% सम्मको नाफाको सिमाना राखी त्यो भन्दा बढि नाफाबाट केहि रकम अरु थप औद्योगिक विकासमा र केहि रकम मजदूरहरुको सुख–सुविधाको निम्ति खर्च गर्नु जरुरी छ । मजदूरहरुलाई काममा प्रेरित गर्नको निम्ति नाफाको केहि खास प्रतिशत मजदूरहरुमा बोनसको रुपमा बाँढ्न पनि जरुरी छ । यसले मजदूरहरुको सक्रयता र उत्पादकतालाई बढाएर स्वयम् पूंजीपत्ति वर्गलाई पनि फाइदा गर्नेछ ।

८ प्रतिशत नाफा भयो कि २५ प्रतिशत नाफा भयी हिसाब नलुकाउन पाउन् भनेर प्रबन्धक बोर्डमा मजदूरहरुले चुनेको प्रति–निधि २ जना पनि राखेको खण्डमा मजदूरहरुमा बिश्वास बढ्न गई चाहि-नचाहि हडताल गर्ने (नौबत) आउँदैन । यस कारण यस बारे पनि सोच बिचार गरी कारखाना मालिकले स्वयम् मजदूर प्रतिनिधि लाई किन्न नपावस् भनेर साल सालै चुनाउ गराएर प्रतिनिधि पठाउने र आफ्नो विश्वास गुमाएका प्रतिनिधिलाई वापस बोलाउने मजदूरहरुको अधिकार अक्षुण रहनु पर्दछ ।

निजी क्षेत्रमा हाम्रा देशका राष्ट्रीय पूंजीपत्तिहरुको पूंजी लगानी गरेर जुन उद्योगहरु खोलिन्छ त्यसले मात्र देशको सम्पूर्ण आर्थिक समस्या समाधान गर्ने छैन, कारण ती उद्योगहरु नाफा मुखी हुन्छन् । यस्ता उद्योगका उद्योगपतिहरूले आफ्नो नाफाबाट केहि हद सम्म परोपकारी कार्यहरूमा आपनो पैसा लगाएर जनतालाई केहि राहत दिन सक्तछ । स्कूल, कलेज, अस्पताल इत्यादि बनाएर मद्दतगर्न सक्छ। यी कुरोहरु अवश्य सराहनीय छन्। तर ययले मात्र शबैको आर्थिक समस्या समाधान हुन सक्तैन ।



हाम्रा देशका बुढा-बुढीहरू छन्, उनिहरू सबैको हेर्चाह गर्नु पर्‍यो, उनिहरूको लालन–पालन, स्याहार–सुसार र बसोबाको प्रबन्ध गर्नु पर्‍यो, देशका सम्पूर्ण युवकहरुलाई तालिम दिएर कामको ग्यारेण्टी गरी वेकारी समस्या पूर्ण रूपले निर्मूल गर्नु पर्‍यो । बिधवा महिला-हरू होलान्, गर्भबती र सुत्केरी महिलाहरू होलान्, लुला-लङ्गडा, अपाङ्गहरू होलान्, लामो बिरामी भएर काम गरेर कमाउन नसक्ने होलान् । अनि हाम्रो देशका बालक–बालिकाहरू छन्, आमा–बाबु नभएका अनाथ बालक-बालिकाहरू हुन्छन् । यी सबैको समस्याहरू कसले हेर्ने ? जसको छोरा-छोरी राम्रा छन् ती बुढा-बुढीहरूको त समस्या हुंदैन । आमाबाबु हुने र आमा बाबुको आम्दानी राम्रा हुने बालक-बालिकाहरूको पनि समस्या हुँदैन, राम्रो लोग्ने भएका महिलाहरूको पनि समस्या नहोला, वांकि सबैको समस्यैं समस्या हुन्छन् । दान–दातव्यले यी समस्याहरूको एक छेउ मात्र सयाधान हुन सक्छ, त्यो पनि दानको रूपमा, आफ्नो हक-अधिकारको रुपमा होइन । तसर्थ यी सबै समस्याहरूको जिम्मेदारी राष्ट्रीय सरकारको हुन्छ । राष्ट्रीय सरकारले यी सबै समस्याहरु कसरी समाधान गर्ने ? यसको निम्ति पनि सरकारलाई आम्दानी दिने उद्योगहरुको जरुरत पर्दछ । अर्कोतिर कति यस्ता उद्योगहरु छन् जो हाम्रा देशका राष्ट्रीय पूंजीपतिहरुले मात्र सह्यालन सक्तैन । हाम्रो देशमा त्यति ठूला पूंजीपतिहरु पनि छैनन्, जसले ठूल–ठुला उद्योग र उद्यमहरु आफ्ना हातमा लिन सकोस् । कति यस्ता उद्योग र उद्यमहरु हुन्छन् जसलाई नाफा–नोक्सानको पर्वाह नगरी चलाउनु पर्ने हुन्छ । कति उद्योग र उद्यमहरु आफ्नो राष्ट्रीय हितलाई ध्यानमा राखेर सर-कारले नोक्सान सहेर चलाउनु पर्ने हुन्छ । एउटा राष्ट्रीय अर्थतन्त्र बिना यो सम्भब हुँदैन । एउटा व्यापारीले पनि कुनै कुनै बस्तुमा घाटा खाएर ग्राहकलाई थामि राखेको हुन्छ र अरु बस्तुबाट आउने नाफावाट आधिको घाटा सहेर लिन्छ । एउटा व्यापारी एक

रुपियाँको घाटाको हिसाब गरी आफ्नो ग्राहकबाट पछि हुने सय रुपियाँको नाफा हुने कामलाई बिग्रन दिदैंन ।

यस्तै राज्यले कुनै कुनै उद्योग र उद्यमहरुमा घाटा सहेर पनि यसको घाटालाई अरु उद्योग र उद्यमहरुबाट हुने आम्दानीसंग साला खाला मिलाई लिनु पर्ने हुन्छ । खास गरी जनतालाई दिइने राशनमा सरकारले घाटा सहनु पर्ने हुन्छ ।

समाजवादी व्यवस्था अन्तर्गत सोवियत संघमा खाद्य पदार्थ र जनताको निम्ति नभई नहुने अरु सामानहरुमा घाटा सहेर वितरण गर्ने चलन थियो ।

यसै कारण साराका सारा उद्योगहरु निजी क्षेत्रमा चलाएर राष्ट्रीय अर्थ तन्त्रको निर्माण हुन सक्तैन । राष्ट्रीय अर्थ तन्त्र निर्माणमा निजी क्षेत्रले राष्ट्रीय अर्थतन्त्रको सहायकको रुपमा काम गर्न सक्छ भने देशको अर्थ तन्त्रको मूल आधार सरकारी स्तरमा चल्ने राष्ट्रीय उद्योग र उद्यमहरुलाई नै बनाउ परेको छ ।

केही तत्वहरु अक्टोबर क्रान्तिकै बदनाम गरी लेनिनको स्ताच्यू पनि उखाडेर सोवियत संघलाई पूर्ण पूंजीवादी व्यवस्थामा फर्काउने पक्षमा छन् र अमेरीकाको संस्कृति र सोवियत संस्कृतिको बीचको भेद मेटाउने पक्षमा छन् । यदि उनिहरुको प्रयास सफल हुन्छ भने सोवियत संघ पूंजीवादमा मात्र फर्कने छैन यसले आफुलाई छिर्टै साम्राज्यवादको चरित्र अपनाएर लिने छ ।

सोवियत संघ जो आजसम्म मानवताको रक्षक भएर आएको छ मानवताको भक्षक हुन जानेछ ।

अमेरिकी साम्राज्यवाद अक्सर निजी क्षेत्रमा नै जोड दिन्छन्, सोवियत संघ जस्तो देशलाई पनि त्यहाँको उद्योग र उद्यमहरु निजी क्षेत्रमा चलाउने कुरोमा जोड दिदैछन् । र त्यहां अक्टोबर क्रान्तिले उखाडेका कुलकका सन्तानहरु पनि निजी क्षेत्र फर्काउने कुरोको



सम्वाहकको रूपमा जोड-तोड संग लगेका छन् । कुलक अर्थतन्त्रले निश्चित रूपले मुठ्ठी भरको आम्दानी बढ्नेछ तर जनजीवनलाई सत्यानास गरेर छोडनेछ ।

निजी क्षेत्रमा मात्र भर पर्ने अमेरीका विश्वको सब भन्दा धनी र शक्तिशाली देश भएर पनि त्यहाँ १ करोड जनता पूर्ण रूपले बेकारीको शिकार छन् भने ३ करोड जनता गरीबिको रेखा मुनि बांचि राखेका छन् । लाखौं मानिसहरु जाडोमा कागजको ठूल-ठूला बाकसमा सुत्ने गर्छन् र त्यहाँ उनिहरू जाडो खप्न नसकेर मरेर गएको हुन्छ । के यो मानवतावादको लक्षण हो ?

हामी निश्चित रूपले अमेरिका विरोधी होइन । हामी कुनै हालतमा अमेरिकी जनता को टाउकोमा आटम बम, न्यूक्लर बम्, रशायनिक अस्त्र खसोस् भन्ने पक्षमा छैन । हामी अमेरिकी जनता कसैको गोलीको शिकार होस् भन्ने पक्षमा छैन । जनता जनता भयो राष्ट्रपति बूस माथि पनि यस्तो कुनै घाटक प्रहार होस् भन्ने पक्षमा हामी छैनौं ।

तर हामी अमेरिकी साम्राज्यवादले लिएको आफ्नै जनता माथि को शोषण दमन र अनि अन्य अबिकसित देशहरू माथि लिएर आएको शोषण दमन र नव उपनिबेश बादी नीतिको बिरोधी छौं, जुन नीतिले गर्दा नै आज पिछडिएको देशको गरिबी झन् झन् बढदै गई रहेकोछ, जुन नीति अन्तरगत पिछडिएका देशहरूलाई मदतको नाउमा ऋण मा फसाइएको छ र ती देशहरूको अर्थ व्यवस्था बर्बाद गर्ने काम हुंदैछ ।

हामी अमेरिकी जनतालाई शान्ति मिलोस्, उनिहरू पनि सुखी रहुन् उनिहरूको जीवन निश्चिन्त रहुन् र त्यहाँको जनता पनि बेकारीको शिकार हुन नपरोस् र उनिहरू कोई पनि गरीबिको रेखा मुनी बांच्न नपरोस् भन्ने पक्षमा छौं, तर साथै कुनै देशमा अमेरिकी

साम्राज्यबादी हस्तक्षेप नहोस् भन्ने पक्षमा छौं। र अमेरिका प्रति पनि बांच र बांच्न देउ भन्ने नीति अबलम्बन गरोस्भन्ने पक्षमा छौं।

हामी आफ्नो देशबाट बेकारी समस्यालाई उन्मूलन गर्ने पक्षमा छौं। हाम्रो देश पनि सम्मुनत देशको दांजोमा पुगो, हाम्रो देशको सम्पूर्ण जनता को जीवन सुखी सम्पन्न र सुनिश्चित होस् भन्ने पक्षमा छौं। यो बुद्धको देशमा उत्कृष्ट राज खडा भई ससैको आंखामा आंशु आउन नपावस् भन्ने पक्षमा छौं। अनि कृष्णले भने झैं सबैको मन साम्यवादमा स्थिर रही हाम्रो देश एक स्वर्ग होस् भन्ने पक्षमा छौं। इशूले भने झैं स्वर्गको राज खडा गर्ने पक्षमा छौं।

यसको एक मात्र उपाय हो समाजबादी समाजको स्थापना। समाजवादले नै सम्पूर्ण जनताको जीवनको सरोकार राख्तछ। यो काम पूंजीवादले कदापि गर्न सक्तैन यसकारण हामी समाजबादी अर्थतन्त्रलाई नकार्ने पक्षमा छैनौं र निजी क्षेत्र यसको सहायक अर्थ-तन्त्रको रूपमा रहन र हुर्कन सक्तछ र निजी क्षेक्षलाई चाहिने सहुलियत र सुविधा दिएर यसको पनि रक्षा गर्ने पक्षमा छौं, कारण राष्ट्रीय सम्पतीको रूपमा चल्ने उद्योग र उद्यमहरूले मात्र सबै कुरोहरू धान्न सक्तैन र देशको निजीधनलाई निस्क्रिय राख्नु पनि हाम्रो राष्ट्रको निम्ति एक प्रकारको क्षति हो।

अमेरीकी साम्राज्यवादले भने जस्तो निजी क्षेत्रमा मात्र जोड दिंदा यात हामीहरु साना र घरेलु उद्योगमा मात्र भर परि सधैं भरि ठूल-ठूला कलकारखानामा उत्पादन हुने मेशीनहरू, कार, ट्रक, बस, भारि औजार अरू सामानहरुको निम्ति विदेशी सामानहरूमा नै सधैं भर परेर निरन्तर उनिहरुको शोषणको पात्र बन्नुपर्‍यो, सधैंभरि पिछडिएर गरीबी हालतमा रहनु पर्‍यो, होइन भने बहु राष्ट्रीय (Multi National) पूंजी भित्राएर हाम्रो अर्थतन्त्रको मूल आधार विदेशी एकाधिकार पूंजीलाई बनाउन दिनु पर्‍यो र हामीले



आफ्नो देशलाई नव-उपनिवेशमा बदल्न दिनु पर्‍यो। यस्तो अर्थतन्त्रले हाम्रो देशको जनतालाई कदापि अर्काको गुलामीबाट मुक्त हुन दिने छैन। न त यस्तो अर्थतन्त्र अन्तर्गत हाम्रो राष्ट्रीय निजी क्षेत्र नै फष्टाउने छ।

यसै कारण सार्वजनिक उद्योग र उद्यमहरूलाई राष्ट्रीस अर्थ-तन्त्रको मूल आधार बनाएर निजी क्षेत्रलाई राष्ट्रीय अर्थतन्त्रको सहायक अङ्ग बनाएर यसलाई राष्ट्रीय अर्थ तन्त्रको सहायक अङ्गको रूपमा फष्टाउन सकिनेछ र आजको नेपालले यसै कुरोको माग पर्दछ।

हामीले अर्कोतिर निजी क्षेत्रको सफलताको ग्यारेण्टी गर्नुपरेको छ भने अर्कोतिर सरकारी स्तरको राष्ट्रीय उद्योग र उद्यमहरूलाई हाम्रो देशको अर्थतन्त्रको मूल आधार बनाएर हाम्रो देशलाई समून्नत सुसम्पन्न बनाएर सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न र सुनिश्चित बनाउन सक्नेछौं।

०★=★०

## नेपाल कम्युनिष्ट पार्टी प्रकाशन द्वारा प्रकाशित पुस्तकहरू:——

| पुस्तक | लेखक |
|---|---|
| १. राष्ट्रिय प्रजातांत्रिक कार्यक्रम | तुलसीलाल अमात्य |
| २. कुन बाटो | ,, |
| ३. नेपाल कम्युनिष्ट आन्दोलनमा देखापरेका मतभेदहरू | ,, |
| ४. लेनिन (जीवनी) | |
| ५. नकली क्रान्तीकारीहरू माओवादी हुन् या सी. आई. ए. को जाल | ,, |
| ६. संगठनात्मक समस्या | ,, |
| ७. बुद्ध, बुद्धत्व र बुद्ध दर्शन | ,, |
| ८. मानव र मानव अधिकार | ,, |
| ९. नेपाल कम्युनिष्ट पार्टीको घोषणा | ,, |
| १०. नेपाल कम्युनिष्ट पार्टीको विधान (तेश्रो महाअधिवेशनबाट पारित) | ,, |
| ११. नेपाल--भारत सम्बन्ध | ,, |
| १२. समाज विकासको नियममा क्रियाशील चेतनशक्तिको स्थान | ,, |
| १३. राजनीतिक प्रस्ताव | ,, |
| १४. अफ़गानीस्तानको नयाँ जनवादी अप्रिल क्रान्तीको सम्बन्धमा | |
| १५. सोभियत संघको विरोध कसको सेवामा ? | ,, |
| १६. नेपालको भावी संविधान कस्तो हुनु पर्छ ? | ,, |
| १७. धर्मको मर्म र श्री कृष्ण | ,, |

आगामी प्रकाशनहरू प्रेसमा प्रतिक्षा गर्नुस् ।